# लेखापरीक्षण प्रतिवेदन

## भानु नगरपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# भानु नगरपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वियनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/474

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुख ज्यू,
भानुनगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
तनहुँ।

**कैफियतसहितको राय**

हामीले पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण ,स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम) सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१.पालिकाको रु २ अर्व ३३ करोड ३० लाख ८१ हजार लेखापरीक्षण गरिएकोमा रू १. करोड १७ लाख ६६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु १ लाख ५४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु १ करोड १६ लाख १२ हजार रहेकोमा असुल गर्नुपर्ने रू १५ लाख ९५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५७ लाख ७७ हजार, नियमित गर्नुपर्ने रु. ३० लाख ७२ हजार र पेस्की बाँकी रु. ११ लाख ६६ हजार रहेको छ। गत वर्षसम्म रु. १० करोड ३९ लाख ३७ हजार बेरुजू बाँकी रहेकोमा सम्परिक्षणबाट रु ५५ लाख ९२ हजार फछ्यौट भइ हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड ९९ लाख ५६ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तर सरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २८ करोड ८८ लाख १४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको ७४ लाख ४० हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको ३ करोड १८ लाख ३७ हजार र गरिबसँग विशेश्वर कार्यक्रमको रु. ५२ लाख ५ हजार समेत रु. ३२ करोड ८६ लाख १६ हजार सुत्रमा समावेश गरेको छैन।
३.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी

स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७८ | २०२ | ११७६६०८३ | ० | १९ | १५४७०० | ० | ७८ | १८३ | ११६११३८३ | १५९५२५५ | ३०७२१४२ | ५७७७९८६ | ० | ० | ८८५०१२८ | ११६६००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | १०३९३७००० | ० | 5592276 | 98344724 | 0 | 11611383 | 109956107 |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | २७ | शिर्षक फरक पारी खर्चः | २०,७१,२८७ |
| २ | २०७७/७८ | १४ | स्वीकृत दरवन्दी वाहिर तलव भत्ता भुक्तानीः | ८,५२,४१० |
| ३ | २०७७/७८ | ३० | शिर्षक फरक पारी खर्चः | २४,९९,८२० |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०७८/७९ | 43 | अध्यायन अवलोकन भ्रमण खर्च | १,६८,७५९ |
| ५ | २०८०/८१ | ८७ | नम्स भन्दा बढी भुक्तानी: | २,९७५ |
| ६ | २०८०/८१ | ३२ | दोहोरो भत्ता : | ३,२०० |
| ७ | २०८०/८१ | ४८ | कार्यसम्पादन मूल्यांकन बैठक भत्ता : | १,७०० |
| ८ | २०८०/८१ | ८५ | कार्यक्रम सम्पन्न प्रतिवेदनको भत्ता भुक्तानी: | २,५५० |
| ९ | २०८०/८१ | ६७ | कर्मदा मा.वि पहिरो नियन्त्रणः | ९३,५४२ |
| १० | २०८०/८१ | ५३ | कर कट्टी : | १३,२२८ |
| ११ | २०८०/८१ | ४४ | बैठक भत्ता : | ३,४०० |
| १२ | २०८०/८१ | ५४ | प्रशिक्षण भत्त : | २,०४० |
| १३ | २०८०/८१ | ९६ | पारिश्रमिक कर : | १,८०१ |
| १४ | २०८०/८१ | ५१ | पारिश्रमिक कर : | ७,८४२ |
| १५ | २०८०/८१ | ६९ | राजस्व दाखिला : | २२,४२२ |
| जम्मा | | | | ५७,४६,९७६ |

# (८०४३८४०१३०० - भानु नगरपालिका, तनहुँ )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :**-स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको क्षेत्रफल १८४ वर्ग किलोमिटर र जनसंख्या ४५ हजार ७९२ रहेको तथा १३ वडा र ६७ सभा सदस्यरहेकोछ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :**- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :**- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।०१ देखि २०८१।०९।०६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :**- कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबारतर्फ गरी जम्मा रु. २,३३,३०,००,००० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :**- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :**- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३८६५४३२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | नर्म्स भन्दा बढी भुक्तानी | १०६२५ |
| २ | भानु साहित्य उद्यान पार्कको लागि मुअब्जा वितरण गर्न निकासा गरिएको रकम मध्ये बाँकी रकम Globle IMEbank मा रोक्का गरी राख्नेको रकम बेरुजु खाता नं.१५१११ मा मिति २०८१।०९।२५ दाखिला | ३३४९५९८ |
| ३ | कार्यसम्पादन मुल्यांकन भत्ता | ७६५० |
| ४ | पारिश्रमिक कर | १४५०७ |
| ५ | दैनिक भ्रमण भत्ता | १२००० |
| ६ | बढी प्रशिक्षक भत्ता | २०४० |
| ७ | कर कट्टी | ११९४०४ |
| ८ | बैठक भत्ता | ५१०० |
| ९ | एम्बुलेन्सको भाडा आम्दानी | ३०५१२१ |
| १० | राजस्व दाखिला | ३९३८७ |
| | जम्मा | ३८६५४३२ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आर्थिक विवरणः**

नगरपालिकाले उपलब्ध गराएको एकिकृत वित्तीय वितरण निम्न अनुसार रहेको छः

| | आय तर्फ | | | व्यय तर्फ | |
|---|---|---|---|---|---|
| क्रस | विवरण | रकम | क्र स | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **२०९१२८६४०** | १ | **चालु खर्च** | **५६६२३८४४१** |
| | संचित कोष | २००९१५९४७ | २ | **पुँजीगत खच** | **२७९७१९०६६** |
| | प्रकोप व्यवस्थापन | ० | ३ | **विभिन्न कोष खर्च** | **१७०९१५६२** |
| | धरौटि खाता | ८१७२६९३ | | धरौटी खर्च | २९६५०५५ |
| | विविध कोष खाता | ४०००० | | विभाज्य कोष खाता | २८९१८०९ |
| | विविध खर्च खाता | ० | | प्रकोप खर्च | ४६८२१९ |
| | विभाज्य कोष खाता | ० | | विविध कोष खाता | १०७६६४७९ |
| २ | **आन्तरिक राजस्व** | **१८११४२२१३** | ४ | **अन्य खर्च** | **३२८६१६६०७** |
| | आन्तरिक राजस्व | ६१०४३०४६ | | सामाजिक सुरक्षा | २८८८१४५७७ |
| | राजश्व बाँडफाँड | १२००९९१६७ | | गरिवसँग विशेश्वार कार्यक्रम | ५२५००० |
| ३ | **अनुदान** | **६१०४२९५८५** | | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३१८३७०३० |
| | संघीय अनुदान | ५८८६४८४८५ | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७४४०००० |
| | प्रदेश अनुदान | २१७८११०० | ५ | **मौज्दात** | **१५८८७९२६४** |
| ४ | **विभिन्न कोषको आय** | **२१२२७८९५** | | संचित कोष | १४६५३०२३८ |
| | धरौटी आय | ६७६२१७७ | | प्रकोप व्यवस्थापन | ३७९२११ |
| | प्रकोप आय | ८४७४३० | | धरौटि खाता | ११९६९८१५ |
| | विविध कोष खाता | १०७२६४७९ | | विविध खर्च खाता | ० |
| | विभिज्य कोषको आय | २८९१८०९ | | विभाज्य कोष खाता | ० |
| ५ | **अन्य आय** | **३२८६१६६०७** | | विविध कोष खाता | ० |
| | सामाजिक सुरक्षा | २८८८१४५७७ | | | |
| | गरिवसँग विशेश्वार कार्यक्रम | ५२५००० | | | |
| | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३१८३७०३० | | | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७४४०००० | | | |
| | जम्मा | **१३५०५४४९४०** | | | **१३५०५४४९४०** |

३ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्न खर्च शिर्षकमा सुत्रमा समावेश नगरी कारोवार गरेको देखिन्छ । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ

आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| क्र.स | खर्च शीर्षक | निकासा | खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा | २९०२६७५४४ | २८८८१४५७७ |
| २ | गरिवसँग विशेश्ववर कार्यक्रम | ७३०००० | ५२५००० |
| ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७४४०००० | ७४४०००० |
| ४ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ६८७१४००० | ३१८३७०३० |
| | जम्मा | ३६७१५१५४४ | ३२८६१६६०७ |

४ **वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १३,२१,७०,१२३.६२ | ० | १३,२१,७०,१२३.६२ | १२,३३,५३,५०७.४५ | ० | १२,३३,५ |
| १३००० | अनुदान | | ६१,०४,२९,५८५.३७ | ० | ६१,०४,२९,५८५.३७ | ५८,३२,८९,६७४.०० | ० | ५८,३२,८ |
| १४००० | अन्य राजस्व | | ४,७०,०७,२९४.६१ | ० | ४,७०,०७,२९४.६१ | १,१०,६३,३४९.७२ | ० | १,१०,६३, |
| १५००० | विविध प्राप्ति | | १९,६४,७९५.१२ | ० | १९,६४,७९५.१२ | ० | ० | ० |
| क | **कुल जम्मा प्राप्ति** | | ७९,१५,७१,७९८.७२ | | ७९,१५,७१,७९८.७२ | ७१,७७,०६,५३१.१७ | | ७१,७७,० |
| ३ | चालु | | ५६,६२,३८,४४१.०९ | ० | ५६,६२,३८,४४१.०९ | ५५,१८,५५,४०१.११ | ० | ५५,१८,५ |
| २१००० | पारिश्रमिक / सुविधा | | २८,९९,५२,७७७.०० | ० | २८,९९,५२,७७७.०० | ३६,२४,०३,५२६.०० | ० | ३६,२४,० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १३,२८,७९,४६६.०९ | ० | १३,२८,७९,४६६.०९ | १६,११,७१,९४१.११ | ० | १६,११,७ |
| २५००० | सहायता (Subsidy) | | १२,५३,५०,४७४.०० | ० | १२,५३,५०,४७४.०० | १,०३,७२,४९२.०० | ० | १,०३,७२, |
| २७००० | सामाजिक सुरक्षा | | १,५४,४०,२६९.०० | ० | १,५४,४०,२६९.०० | १,३४,७८,४५६.०० | ० | १,३४,७८, |
| २८००० | अन्य खर्च | | २६,१५,४५५.०० | ० | २६,१५,४५५.०० | ४४,२८,९८६.०० | ० | ४४,२८,९ |
| ४ | पूंजीगत | | २७,९७,१९,०६६.०० | ० | २७,९७,१९,०६६.०० | २४,७०,५३,६१२.०० | ० | २४,७०,५ |
| ३१११० | भवन तथा संरचना | | ३,३१,६४,९३३.०० | ० | ३,३१,६४,९३३.०० | ५,६८,६३,२७९.०० | ० | ५,६८,६३, |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ७७,९४,७७५.०० | ० | ७७,९४,७७५.०० | १,६२,३९,१६६.०० | ० | १,६२,३९, |
| ३११३० | अन्य पूँजीगत खर्च | | ३३,५१,०७३.०० | ० | ३३,५१,०७३.०० | १९,३४,८७२.०० | ० | १९,३४,८ |
| ३११५० | सार्वजनिक निर्माण | | २३,५२,६२,९७९.०० | ० | २३,५२,६२,९७९.०० | १५,९२,३८,००१.०० | ० | १५,९२,३ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १,४५,३०६.०० | ० | १,४५,३०६.०० | २९,७०,६४७.०० | ० | २९,७०,६ |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१४१० | जग्गाप्राप्ति खर्च | | ० | ० | ० | ९८,०७,६४७.०० | ० | ९८,०७,६ |
| ख) | **कुल जम्मा भुक्तानी** | | ८४,५९,५७,५०७.०९ | | ८४,५९,५७,५०७.०९ | ७९,८९,०९,०१३.११ | | ७९,८९,० |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (५,४३,८५,७०८.३७) | | (५,४३,८५,७०८.३७) | (८,१२,०२,४८१.९४) | | (८,१२,०२ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | | ४०,१३,०१३.०० | | ४०,१३,०१३.०० | ३३,५९,२६२.०० | | ३३,५९,२ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | -१३,८६७.०० | | -१३,८६७.०० | -२४,७०१.०० | | -२४,७०१ |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | (५,०३,७२,६९५.३७) | | (५,०३,७२,६९५.३७) | (७,७८,४३,२१९.९४) | | (७,७८,४३ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | २०,९१,२८,६४०.७८ | | २०,९१,२८,६४०.७८ | २८,७८,३१,५२४.७२ | | २८,७८,३ |
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | १५,८७,५५,९४५.४१ | | १५,८७,५५,९४५.४१ | २०,९९,८८,३०४.७८ | | २०,९९,८ |

५ **फरक हिसाब –**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.२१२२७८९५ ,यस वर्षको भुक्तानी रु १७०९१५६२ र बैङ्क मौज्दात रु१२३३१९ फरक परेको छ ।सूत्रमा सम्पूर्ण कारोवार लेखाङ्कन गर्ने ब्यवस्था नभएकाले फरक पर्ने गएको कार्यालयको प्रतिकृया रहेको ।तसर्थ, सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | **२०९१२८६४०** | **७९१५७१७९८** | **८४५९५७५०७** | **१५८७५५९४५** |
| एकीकृत आर्थिक विवरणअनुसार | २०९१२८६४० | ८१२७९९६९३ | ८६३०४९०६९ | १५८८७९२६४ |
| फरक | ० | २१२२७८९५ | १७०९१५६२ | १२३३१९ |

६ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.४४७०७६० , पुँजीगत खातामा रु. ३६५८०२८, आन्तरिक राजस्व खातामा रु ३४८९१८२८राजस्व बाँडफाँड खातामा रु.१८९२३५८ समेत रु. ४४९१२९७६ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

७ **फरक जिम्मेवारी -**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. २०९९८८३०४ मौज्दात रहेकोमा यो वर्ष रु. २०९१२८६४० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ८५९६६४ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी बैकं सामायोजन तयार गरी प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,५९,६६४ |

८ **बैङ्क हिसाब विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रोस्ता अनुसार मौज्दात | बैक मौज्दान | फरक | बैक ट्रान्सफर | |
|---|---|---|---|---|---|
| स्थानीय तह संचित कोष खाता | १४६५४४१०५ | १४६५४४१०५ | ० | | |
| चालु खर्च खाता | -१३८६७ | ४४७०७६० | ० | जुलाई २८ मा ट्रान्सफर गरेको । | |
| पुँजिगत खर्च खाता | ० | ३६५८०२८ | ० | जुलाई २८ मा ट्रान्सफर गरेको । | |
| विविध कोष खाता | ० | २२३३७६१ | ० | जुलाई २९ म ट्रन्सफर गरेको । | |
| विविध खर्च खाता | ० | ६४५०००० | ६४५०००० | जुलाई २९ मा ट्रान्सफर गरेको । | |
| प्रकोप व्यवस्थापन कोष खाता | ३७९२११ | ३७९२११ | ० | | |
| स्थानीय विभिज्य कोष | -१२३३२० | ३०१५१२८ | ० | जुलाई २९ मा ट्रान्सफर गरेको । | |
| धरौटी | ११९६९८१५ | ११९६९८१५ | ० | | |
| ग १ १ आन्तरिक राजस्व खाता | ० | ३४८९१८२८ | -३४८९१८२८ | जुलाई २८ मा संचित कोषमा जम्मा ३४८९१८२८ ट्रान्सफर भएको । | |
| ग१ २ बाँडफाँडबाट प्राप्त राजस्व | ० | १८९२३५८ | ० | जुलाई २८ मा ट्रान्सफर गरेको । | |
| ग १ ३आन्तरिक अनुदान खाता | ० | १२०६७१०० | ० | जुलाई २९ मा ट्रान्सफर गरेको । | |
| जम्मा | | | | | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

९ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१० **बजेट पेश, पारित र अख्तियारी** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०८०।३।२१ मा रु. ९४ करोड ३४ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८०।३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति

२०८०।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

११ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१२ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२७,९७,१९,०६६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१३ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| | कूल खर्च | प्रथम | दोस्रो | तेस्रो | चौथो | अषाढ |
|---|---|---|---|---|---|---|
| पूजिगत कूल खर्च | २७९७१९०६६ | ४३४९३३२७ | ४१०३९४० | २६०७३६१९ | २०६०४८१८० | ९८३९४९०४ |
| प्रतिशत | १०० | १५.५५ | १.४७ | ९.३२ | ७३.६६ | ३५.१८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२७९७१९०६६ पूँजिगत खर्च गरेकोमा प्रथम त्रैमासिकमा रु. ४३४९३३२७ (१५.५५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु ४१०३९४० (१.४७ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु२६०७३६१९ (९.३२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९८३९४९०४ (३५.१८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१४ **लक्ष्य प्रगति :**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला्इ जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ५२७ | २२ | २ | ५ | ४९८ |

१५ **खर्च बिश्लेषणः**

नगरपालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु ३,३२,६९,८४०, राजस्व बाँडफाँड र अनुदानबाट रु ७३,०५,२८,७५२ समेत रु ७६,३७,९८,५९२ आम्दानी भएकोमा चालु तर्फ रु ५६,६२,८४,४१० र पूँजिगत तर्फ रु २७,९७,१९,०६६ समेत रु ८४,५९,५७,५०७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.९३ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु १९५३९२६५ खर्च भएको छ जुन आन्तरिक आयको ५८.७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७.५ प्रतिशत चालु र ३८.२८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१६ **योजना प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न वडाको लागि वडागत र पालिकास्तरका कुल ५२७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५० | ५ | २७ | १८ |
| २. | वडास्तरीय | ४७७ | १ | १४ | ४६२ |
| | | ५२७ | ६ | ४१ | ४८० |

उपर्युक्त विवरणअनुसार पालिकाले वडास्तरमा अधिकांश साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ५०५ योजनामात्र कार्यान्वयन भई २२ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ, नगरपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१७ **कानून र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, ६वटा नियमावली, ३०कार्यविधि लगायत ५० वटा कानुन निर्माण गरेकोमा उक्त कानून राजपत्रमा प्रकाशन गरि कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१८ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

१९ **आय अनुमान** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३०००००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०८०।८१ मा रु.३३२६९८४० अर्थात अनुमान भन्दा ११०.८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२० **अनुदानको अनुगमन** –

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.६२,५३,७५१.०० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउदै अनुदानग्राहीको विवरण सार्वजनिक गरि पारदर्शिता कायम गर्नुपर्दछ ।

२१ **अवकास कोष** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.१५००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी नगरपालिको कोषबाट कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकमलाई कार्यविधि तयार गरी कर्मचारीको अवकास प्रयोजनको लागि खर्च गर्नुपर्दछ ।

२२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

२३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशन |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ९२१३८००० | ८२४९८८०४ | ९.७५ |
| २ | सामाजिकविकास | २४७८१९४८६ | १६२९२६२९६ | १९.२५ |
| ३ | पूर्वाधारविकास | ५०८८०५००० | ४६०५७९३२८ | ५४.४४ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | २६८९६००० | १५६३९९९६ | १.८४ |
| ५ | कार्यालयसंचालन तथा प्रशासनिक | १५४७६३८७५ | १२४३१३०८३ | १४.६९ |
| जम्मा | | १०३०४२२३६१ | ८४५९५७५०७ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकास क्षेत्रमा सबैभन्दा बढी ५४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.८४ प्रतिशत रहेको छ ।

२४ **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ५ वटा बर्थिङ सेन्टरमा यस वर्ष रु. ९९००० को ११० थान न्यानो झोला खरिद गरेकोमा गत वर्ष ४३ जना र यस वर्ष ४१ जना गरी ८४ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका २६ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

२५ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको २२ गरी कुल २५ विवाद दर्ता भएकोमा २३ वटा मात्र फर्स्यौट भई २बाँकी देखिन्छ । न्यायसम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२६ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार खारेज भएका वा बन्द भएका सहकारीहरुको विवरण संकलन गरी शेयर धनीहरुको हित प्रवद्धन गर्न पालिकाको ध्यानकर्षण हुनुपर्दछ ।

२७ **कर्मचारी प्रोत्साहन भत्ता -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु.११७०५३२ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी वस्तुनिष्ठ सूचकको आधारमा कार्यसम्पादन मूल्यांकन गरि भत्ता वितरण गर्नुपर्दछ ।

२८ **आन्तरिक आय** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च संघिय अनुदान | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६१०४२९५८५ | ३३२६९८४० | ५.६५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.६५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२९ **व्यवसाय कर** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१४००० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी taxpayer mapping गरी करको दायराभित्र ल्याउनु पर्दछ ।

३० **कर तथा शुल्क असुली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ८०००००० | ४५२२९३३ | ५६.५३ |
| घरजग्गा वहाल कर | १०००००० | ४००५९१० | ४००.५ |
| व्यवसाय कर | ५००००० | १४००० | २.८ |
| वहाल विरौटी शुल्क | ५००००० | १०० | ०.०२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३१ **राजश्व वाँडफाँड** -

स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाएको छ । समयमै दाखिला गर्नतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | २८९१८०९ | ११५६७२३ | ० | ० | आर्थिक वर्ष समाप्त भए पश्चात प्रदेश संचित कोषमा जम्मा गरेको । |

३२ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च –**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो ।

| भौचर नं | विनियोजित शिर्षक | खर्च भएको शीर्षक | रकम |
|---|---|---|---|
| ८६ | विपद व्यवस्थापन( पुँजीगत प्रकृतिको) | विविध खर्च | ४५१४९ |
| ८८ | विपद व्यवस्थापन( पुँजीगत प्रकृतिको) | विविध खर्च | १५००० |
| २८९ | विपद व्यवस्थापन( पुँजीगत प्रकृतिको) | फुटवल प्रतियोगिता | ३५००० |
| ३५९ | विपद व्यवस्थापन( पुँजीगत प्रकृतिको) | भित्रेपात्रे प्रकाशन | २९६०० |
| ५६७ | विपद व्यवस्थापन( पुँजीगत प्रकृतिको) | अतिरिक्त कक्षा संचालन | १५००० |
| ५६८ | विपद व्यवस्थापन( पुँजीगत प्रकृतिको) | सगरमाथा दैनिक पत्रिका प्रकाशन | १९७०० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३३ **आवधिक योजना –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

३४ **आन्तरिक लेखापरीक्षण -**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको अनिवार्य आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

३५ **रकमान्तरः**

नगरपालिकाको विनियोजन ऐन २०८० को दफा ३ मा कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शिर्षकमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुन हुनेमा रकमान्तर गर्ने सक्ने र यसरी रकम सार्दा एक शीर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशत नवढ्ने गरी सार्न सकिने व्यवस्था छ । पालिकाले गाउँसभाबाट विभिन्न ५३ खर्च शीर्षकबाट रु २६९२०००० रकम घटाएर १६१ योजनामा रु ५९७५१८७५ रकम वढाई कार्यक्रम संशोधन गरेको देखिन्छ । आषाढमा बजेट तथा कार्यक्रम बनाउँदा न प्रयाप्त गृहकार्य नहुनुको कारण एक पटक तय भएका कार्यक्रमहरु तोकिएको लक्ष्य उद्देश्य पुरा हुने गरी कार्यान्वियन गर्नु तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

३६ **फोहरमैला व्यवस्थापन –**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३७ **म्याद नाघेको पेश्कीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा चालु आर्थिक वर्षको अन्त्यसम्ममा फस्यौट हुन नसक्ने गरी कुनै पेश्की दिनु हुदैन तथा आर्थिक बर्षको अन्त्यसम्मा बजेट फ्रिज हुन नदिने उद्देश्यले पेश्की दिन नपाइने व्यवस्था छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई आर्थिक वर्षको अन्त्यमा पेश्की उपलब्ध गराएको देखिन्छ । फस्यौंट नभई म्याद नाघेको पेश्की फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| तह | कर्मचारीको नाम | पेश्की लिएको म्याद | फस्यौट गर्नुपर्ने म्याद | रकम |
|---|---|---|---|---|
| उपभोक्ता समिति | ढाडखोला निवुवास्वाँरा झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | २०८१।२।२८ | २०८१।३।३१ | ११६६००० |
| | | | | ११६६००० |

| पेश्की | ११,६६,००० |
|---|---|

३८ **म्याद ननाघेको पेश्की** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ४ कार्यक्रमम निम्न निकाय लाई रु ९५३१००० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| सि न | पेश्की लिनेको नाम | पेश्की लगेको मिति | विवरण | रकम |
|---|---|---|---|---|
| १ | वुलेट कन्स्ट्रक्सन प्रा.लि | २०८१/०२/३१ | बाराही मोटर मार्ग स्तरोन्नती वडा नं.५ | २००००० |
| २ | घांसीकुवा निर्माण सेवा | २०८०।९।११ | समपुरक कोष | ६८०००० |
| | के. एण्ड एस. – लावाङ्ग जे.भी. | २०८०।१२।२० | समपुरक कोष | १५५१००० |
| ४ | किरातेश्वर कन्सट्रक्सन एण्ड ड्रिलिङ्ग कम्पनी प्रा.लि. | २०८१।२।२८ | अस्पताल निर्माण | ७१००००० |

३९ **अधुरा आयोजना** –

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.२०,२४,८५,६८२ का निम्न योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरोरहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकालाई थप व्यभार नपर्ने गरि यथाशिघ्र अधुरा ठेक्का सम्पन्न गर्न गम्भीरपूर्वक लाग्नुपर्दछ।

| क्र स | अधुरो योजनाको नाम | ठेक्का नं | कबोल अङ्क | सम्झौता मिति | म्याद थप भएको अन्तिम मिति | हालसम्मको भुक्तानी | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|
| २ | रातामाता राईपाली मोटर मार्ग ( कस्यप निर्माण सेवा) | ५।०७७।०७८ | १८३१५३०२ | २०७८।१।१० | २०८१।९।३० | ८१८२३०४ | ४७ |
| ३ | कालिमाटी मानेचौका कुन्छा मोटर मार्ग ( कस्यप निर्माण सेवा) | ३।२०७७।०७८ | ११७५५२५७ | २०७८।१।१० | २०८१।९।२९ | २७३०७७ | ५० |
| ४ | गढीमाई भ्यू टावर( आर्कलाईट इन्जिनियरिङ्ग) | १६।२०७७।०७८ | ५९६५५८० | २०७८।१।२८ | २०८१।९।२९ | ६०००४४ | १० |
| ५ | कालिमाटी अस्पताल( किराँतेश्वर कन्स्ट्रक्सन एण्ड ड्रिलिङ्ग) | १५।०७७।०७८ | ७३४०३१७४ | २०७८।३।२२ | २०८१।१२।२० | १२३२४२९९ | ४५ |
| ६ | पुरन्देही अस्पताल( घिसिङ्ग कुँवर जे भी ) | १४।०७७।०७८ | ९३०४६३६९ | २०७८।४।१४ | २०८१।१२।१३ | ८३००३९१६ | ४६ |

४० **गत विगतको भुक्तानी बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा बिल भरपाई सहितको लेखा राख्नुपर्ने र चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्ने पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न विल भरपाई बमोजिमको भुक्तानी आगामी वर्ष गर्ने सक्ने व्यवस्था छ । निम्नानुसार भौचर नं बाट भुक्तानी दिएकोमा बाँकीको कच्चाबारी प्रमाणित गरी रु ४०३६३१२१ को पुँजीगत योजनामा बजेट समेत विनियोजन गरी आगामी वर्षको बजेटबाट भुक्तानी दिएको देखिन्छ ।पालिकाले जुन वर्षमा बजेट विनियोजन भएको छ, त्यही वर्षमा खर्च गर्दा बजेट कार्यान्वयनमा सन्तुलन आउने तथा आर्थिक अनुशासन कार्यम हुने भएकाले त्यस तर्फ ध्यान दिनुपर्दछ ।

| क्र स | भुक्तानी बाँकी खर्चको शिर्षगत विवरण | भुक्तानी बाँकी रकम |
|---|---|---|
| १ | कुसुण्डे पार्क निर्माण | ४१०२०६ |
| २ | पशु सेवा केन्द्र मर्मत सम्भार चन्द्रावति/बाइसजजगार/सेवा बगैचा | ९७४०१४ |
| ३ | ह्युम पाइप खरिद | ७७३४५८ |
| ४ | भानु 4 क्रमागत वडा कार्यालय ट्रस निर्माण | ५८८७०७ |
| ५ | भानु जन्मस्थल मार्ग | ८४८९००० |
| 6 | वडा नं.७ को वडा कार्यालय भवन निर्माण | २६७०९२० |
| 7 | तुरतुरे आलुवारी फाउदीँघाट क्रियापुत्री भवन निर्माण | ३००००० |
| 8 | सृजनशिल बालबाटिका सरसफाई योजना | ५०००० |
| 9 | राधाकृष्ण मन्दिर बाढि पहिरो | ६००० |
| 10 | पुजा खेत कुलो निर्माण | ४००००० |
| 11 | लौडारी गाउँ शिवालय मन्दिर निर्माण उपभोक्ता समिति | ६००००० |
| 12 | आमखोला खेल मैदान उपभोक्ता समिति | १५०००० |
| 13 | तिलाहार सामुदायिक भवन उपभोक्ता समिति | ९००००० |
| 14 | आमखोला खेल मैदान उपभोक्ता समिति | ५००००० |
| 15 | डडेको चौतारा क्रमागत | ५००००० |
| 16 | सामुदायिक बहुउद्धेश्यीय भवन टुहुरेपसल उपभोक्ता समिति | ५००००० |
| 17 | वडास्तरीय विपद व्यवस्थापन तथा सरसफाई उपभोक्ता समिति | १५०००० |
| 18 | वागेश्वरी मोटर मार्ग उपभोक्ता समिति | ३००००० |
| 19 | शहिद बुद्धसिं प्रतिष्ठान मर्मत उपभोक्ता समिति | १५०००० |
| 20 | कालिका मन्दिर निर्माण मुलपानी उपभोक्ता समिति | ३००००० |
| 21 | भाट्टारी देखि हेल्थपोष्ट हुदै वडा कार्यालय उपभोक्ता समिति | ३००००० |
| 22 | विपद व्यस्थापन उपभोक्ता समिति | १४५५०० |
| 23 | फाउदीखोला कुडुले बसन्तपुर स्वास्थ्य चौकी कच्चि मोटर मार्ग उपभोक्ता समिति | ७००००० |
| 24 | वडा कार्यालय ट्रस निर्माण चेनगेट | २८६५६० |
| 25 | सडक सरसफाई तथा मर्मत कार्यक्रम | १४२५१३ |
| 26 | खड्का गाउँ माझीवन मोटर मार्ग उपभोक्ता समिति | ५००००० |
| 27 | खुसुण्डे भानु 8 वडा कार्यालय हुदै फाउदी खोला उपभोक्ता समिति | ३००००० |
| 28 | घर पहिरो बाटो सरसफाई | ९५४७७ |
| 29 | विभिन्न सडक मर्मत तथा सुधार | १८०००० |
| 30 | बाइसजागँर मन्च निर्माण | १००००० |

| | | |
|---|---|---|
| 31 | दमौलापानी ट्याङ्की देखि अर्चलधारा सडक | ३००००० |
| 32 | विपद व्यवस्थापन उपभोक्ता समिति | २००००० |
| 33 | तल्लो बान्द्रे खोला छतमुने कुलो लगायत विभिन्न कुलो पाईप खरिद | १००००० |
| 34 | डिला चालिसाबाट कालिमाटी तल्लो टोल दलित बस्ती जाने मोटर मार्ग लामस्वारा आहाले मोटर मार्ग | १००००० |
| 35 | श्यामखोला काउरेखोला खानेपानी योजना | १००००० |
| 36 | सिलदेवी जलालेदी मन्दिर गोरेटो बाटो | १००००० |
| 37 | रातामाटा वडा कार्यालय राईपाली भन्ज्याङ्ग | ३०००००० |
| 38 | विविध विपद कोषबाट-इश्वरराज पौडेल_ | ४००० |
| 39 | विविध विपद कोषबाट –भन्सार युवा परिवारलाई फुटबल प्रतियोगिताको लागि_ | १००००० |
| 40 | विविध विपद कोषबाट-ग्राबेल विछ्याउने कार्यको लागि विपद व्यवस्थापन समितिलाई_ | ५८७०० |
| 41 | उपल्लो जामुने कार्की गाउँ खानेपानी | १००००० |
| 42 | विविध विपद कोषबाट-सिचाईको लागि पाइप खरिद श्रेष्ठ निर्माण स्टोर्स_ | २००००० |
| 43 | गौरी शंकर क्लब | ३००००० |
| 44 | कुसुण्डे खानेपानी योजना | ८२५६६ |
| 45 | कालिका मन्दिर पूर्वाधार निर्माण | ५००००० |
| 46 | रक्तकाली मन्दिर संरक्षण | ७५०००० |
| 47 | माथिल्लो घलेछाप खानेपानी मर्मत | १००००० |
| 48 | शिव मन्दिर निर्माण | ३००००० |
| 49 | वडा स्तरीय मेला महोत्सवबाट -महिला संजाल समिति_ | ५००० |
| 50 | वडा स्तरीय मेला महोत्सवबाट –नारी विकास आमा समूह_ | १०००० |
| 51 | वडा कार्यालय व्यवस्थापन जय विश्वकर्मा स्टिल फर्निचर उद्योग | ५००००० |
| 52 | जनसामुदायिक मार्ग हाचिचोक | ७००००० |
| 53 | विपद व्यवस्थापन उपभोक्ता समिति | १४५५०० |
| 54 | इदगाहा स्तरोन्नती | ७००००० |
| 55 | मिलिजुली आमा समूह भवन निर्माण | २००००० |
| 56 | जनप्रिय सामुदायिक भवन | ३००००० |
| 57 | बासँपानी लिफ्ट खानेपानी योजना | ७००००० |
| 58 | सिमलचौर चन्द्रावती खानेपानी योजना | ७००००० |
| 59 | वनकट्टा लिफ्ट खानेपानी योजना | ३००००० |
| 60 | वडा स्तरीय मेला महोत्सवबाट-चन्द्रावती युवा क्लब_ | ५००० |
| | जम्मा रकम | ४०३६३१२१ |

४१ **भुक्तानी दिन बाँकीको विवरण प्रमाणित नगरेको :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र वढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु नहुने तथा यदी दायित्व सिर्जना भएमा भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरी राख्नुपर्ने तथा अनिवार्य दायित्व जस्तै तलब, घरभाडा, सरुवा भम्रण भत्ता, सेवा निवृत सुविधा, स्थानीय भत्ता, महङ्गी भत्ता जस्ता शीर्षकमा चालु बजेटबाट खर्च लेख्न सकिने भएता पनि निम्न खर्च शीर्षकमा पालिकाले रकम बिनियोजन बेगर खर्च गरेको देखियो । यसरी नियमावलीको प्रावधान विपरित खर्च गर्दा बजेट असन्तुलन हुनुका साथै आर्थिक अनुशासनको पालना नुहने भएको हुँदा पालिकाले आर्थिक वर्षको अन्त्यमा नै भुक्तानी दिने गरी खर्च व्यवस्थापन गर्नुपर्ने रु

| क्र स | भुक्तानी बाँकी खर्चको शिर्षगत विवरण | भुक्तानी बाँकी रकम |
|---|---|---|
| १ | कृषि शाखाको बैठक भत्ता/खाजा खर्च | ९६३२४ |
| २ | नावरुङ्ग सामुदायिक स्वास्थ्य इकाई | ८५६९६ |
| ३ | अधिकारी मोटर साईकल वर्कसप | ४८०० |
| ४ | सुन्दर बजार वर्कशप | ११९०० |
| ५ | प्राकृतिक स्रोत तथा विकास समिति | १३४००० |
| ६ | डोर हाजिर ज्याला पारिश्रमिक फोहोर संकलन | ३३११० |
| ७ | सवारी मर्मत | २३८६३ |
| ८ | पत्रपत्रिका भन्ज्याङ्ग राष्ट्रिय दैनिक र अविद स्टेशनरी | १६०२० |
| | जम्मा रकम | ४०५७१३ |

| अनियमित भएको | ४,०५,७१३ |
|---|---|

४२ **छात्रवृत्ति वितरण :**

कार्यपालिकाको निर्णय अनुसार पालिकाले भौचर नं. ४५०।०८०।११।२३ बाट वडा स्तरीय कार्यक्रम अन्तर्गत तनहुँ शारदा कलेज(स्नातक तह) मा अध्ययनरत २३ जना विद्यार्थीलाई जनही रु.१०००० का दरले रु.२००००० विद्यालयको खातामा निकासा गरेको देखिन्छ । पालिकाले कार्यविधि निर्माण नगरी आफ्नो अधिकार क्षेत्रभन्दा बाहिरको विद्यालयलाई छात्रवृति रकम निकासा गरेको साथै कार्यविधि निर्माण नगरि छात्रवृति रकम वितरण गर्दा छात्रवृति छनौटको आधार समेत प्रष्ट नभएकोले नियम सम्मत नदेखिएको रु.

| अनियमित भएको | २,००,००० |
|---|---|

४३ **औषधि उपचार :**

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा २ ख बमोजिम "लक्षित समुह" भन्नाले मृगौला प्रत्यारोपण गराएका, डायलाइसिस गराइरहेका, क्यान्सर रोग पहिचान भई उपचारपछि निको भईसकेका व्यक्ति बाहेकका क्यान्सर रोगी (क्यान्सर पहिचान भई उपचारपछि निको भईसकेका तर चिकित्सकले तीन-तीन महिना भित्र निरन्तर निगरानीमा (close follow up) राखेका व्यक्ति यस लाभग्राहिको सूची भित्रैपर्ने) र मेरूदण्ड पक्षाघात भएका (रातो र नीलो अपाङ्ग

परिचय पत्र वाहक ) व्यक्ति सम्झनु पर्ने र २ ग मा “लाभग्राही” भन्नाले लक्षित समुहमा परेका औषधि उपचार गर्न नसक्ने गरिबीको परिचय पत्र वितरण गरेको जिल्लाको हकमा सो परिचय पत्र वाला तथा गरिबीको परिचय पत्र वितरण गरी नसकेको जिल्लाको हकमा बिपन्न व्यक्ति वा स्थानीय तहबाट सिफारिस समिति गठन गरी पहिचान भएका बिपन्न रहेको प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनुपर्ने उल्लेख छ । त्यसै गरी सोही कार्यविधिको दफा ४ मा लाभग्राहीलाई नेपाल सरकारले तोकेको मासिक ५००० का दरले त्रैमासिक रुपमा महिनाको अन्तिम दिन स्थानीय तहले लाभग्राहीको खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न भौचर बाट १२६ जना रोगीलाई रु.३४५०००० खर्च लेखेको छ। उक्त कार्यविधिमा भएको व्यवस्था अनुसार गरिबीको परिचय पत्र वाहक रोगीलाई मात्र दिनु पर्नेमा चिकित्सकको सिफारिसको आधारमा पालिकाले औषधि उपचार खर्च लेखेको देखिन्छ।अत:नियम तथा कार्यविधिको पाल्ना गर्नुपर्दछ।

४४ **बैठक भत्ता :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ र १० मा रित प्रकृया तथा यथेष्ट प्रमाण कागजात पेश भएपछि भुक्तानी दिई लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्न भौचर नं/मितिबाट उपस्थिति बेगर देहायका पदाधिकारी/कर्मचारीलाई बैठक भत्ता भुक्तानी भएको रु.२५५० सम्बन्धितबाट असुल गरि संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| **गो.भौ.नं/मिति** | **कर्मचारी/पदाधिकारीको नाम** | **पद** | **बैठक संख्या** | **उपस्थित बैठक संख्या** | **बढी** | **दर** | **कर बाहेकको भुक्तानी** |
|---|---|---|---|---|---|---|---|
| ३६/२०८०।०४।३० | हरिराज खनाल | कृषि अधिकृत | ३ | २ | १ | १००० | ८५० |
| | मनिषा खड्का | ना.प्रा.स | ३ | २ | १ | १००० | ८५० |
| | राजन सेढाई | ना.प्रा.स | ३ | २ | १ | १००० | ८५० |
| **जम्मा** | | | | | | | **२५५०** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५५० |

४५ **टुक्रा खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलवन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले यो वर्ष देहाय बमोजिम कुर्सी, टेवुल, सोफा लगायतका फर्निचर र कम्प्युटर, प्रिण्टर लगायतका मेशिनरी औजार खरिद गर्दा नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम पटक पटक सोझै खरिद गरेको देखियो साथै नियमावली बिपरित एउटै बिक्रेताबाट सोझै एक पटक भन्दा बढी पटक समेत खरिद गरेको छ । वार्षिक खरिद योजना बनाई स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाएर एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन।अत:कानूनमा भएको व्यवस्थाको पाल्ना गर्नुपर्दछ :

| गो.भौ.नं/मिति | फर्मको नाम | सामाग्री | रकम |
|---|---|---|---|
| ९४५।०८१।०३।२२ | एबसुलुट कम्प्युटर एण्ड मोबाइल | फोटोकपी मेशिन खरिद | २६२५०० |
| ८९२।०८१।०३।१८ | सुभकामना सप्लायर्स<br>श्रीकृष्ण स्टेशनरी एण्ड सप्लायर्स<br>सुमन पुस्तक पसल | मसलन्द तथा कार्यालय सामाग्री | २५५३७१ |
| ८४८।०८१।०३।१२ | नासा कम्प्युटर सप्लायर्स | डेस्कटप खरिद | ५९००० |
| ७५८।०८१।०२।२४ | कन्फर्ट एसि सर्भिस सेन्टर | रेफ्रिजेरेटर खरिद | ७४९९९ |
| ६७३।०८१।०१।२७ | जि एस कम्प्युटर सेन्टर | ल्यापटप प्रोजेक्टर खरिद | १००००० |
| ३२९।०८०।१०।१५ | न्यू ए वा इलेक्ट्रोनिक सप्लायर्स/सुभकामना सप्लायर्स/श्रीकृष्ण स्टेसनरी एण्ड सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ७२९२६ |
| ५२।०८१।०३।१८ | पोख्रेल फर्निचर उद्योग | स्वास्थ्य संस्थालाई फर्निचर | ५५०८१ |
| १६६/२०८०।०७।२१ | श्रीकृष्ण स्टेशनरी एण्ड सप्लायर्स | स्टिच पिन,योजना सम्झौता फारम लगायतका सामाग्री | ९६६१५ |
| | शुभकामना सप्लार्यस | मसलन्द तथा कार्यालय सामाग्री | ८६१०६ |
| | नासा कम्प्युटर सप्लार्यस | Dell Desktop CIS cpu,12th Gen 8GB Ram 256 SSD | ९८३१० |
| १७७/२०८०।०७।२२ | सुमन पुस्तक पसल | मसलन्द तथा कार्यालय सामाग्री | ५५८०० |
| | श्रीकृष्ण स्टेस्नरी एण्ड सप्लार्यस | मसलन्द तथा कार्यालय सामाग्री | ९२७४४ |
| | शुभकामना सप्लार्यस | मसलन्द तथा कार्यालय सामाग्री | ९९८९२ |
| ८४/२०८०।०७।२३ | टुडेज कम्प्युटर सिस्टम | मेशिनरी तथा औजार खरिद | १९२२६९ |
| | सान ट्रेडर्स | | |
| ९९/२०८०।१०।१६ | नासा कम्प्युटर सेन्टर | मेशिनरी तथा औजार | ७७४०० |
| | नासा कम्प्युटर सप्लायर्स | | |
| | पोख्रेल फर्निचर उद्योग | फर्निचर तथा फिक्चर्स | ८६२१९ |
| ११९/२०८०।११।०९ | टुडेज कम्प्युटर सिस्टम | मेशिनरी तथा औजार खरिद | ७८६५५ |
| | नासा सप्लायर्स | | २८०८३६ |
| | सान ट्रेडर्स | | १४१४९३ |
| २८६/२०८१। | टुडेज कम्प्युटर सिस्टम | | २२४१३० |
| | | | |

| | | | |
|---|---|---|---|
| ०१।१७ | नासा कम्प्युटर सप्लार्यस | मेशिनरी तथा औजार खरिद | २४०२०४ |
| **जम्मा** | | | **२७३०५५०** |

४६ **पर्व मेला महोत्सव खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाको समानीकरण चालुतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा देहाय बमोजिमका पर्व मेला तथा महोत्सव प्रयोजनमा रु.८३१००५ खर्च गरेको देखिन्छ । पालिकाले खर्चको मापदण्ड तयार गरी यसप्रकार हुने खर्चमा एकरुपता तथा मितव्ययीतता अपनाउनुपर्ने देखिन्छ :

| गो भौ न | कार्यक्रम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३९/२०८०।०४।३० | चैते दशै रामनवमी मेला | चैते दशै रामनवमी मेला व्यवस्थापन समिति | ३०००० |
| | घाटु भोज कार्यक्रम | दल बहादुर गुरुङ | ३०००० |
| | भानुलाई समेटेर पर्यटकीय गीतको रचना गरेवापतको सहयोग | कृष्ण बहादुर थापा | ३०००० |
| | चैते दशै | रञ्जेश श्रेष्ठ वडा सचिव-५ | ३०००० |
| १०३/२०८०।०६।१८ | आदिवासि जनजाति धार्मिक भाषा संस्कृति संरक्षण कार्यक्रम(तिज गित प्रतियोगिता) | आदिवासि जनजाति धार्मिक भाषा संस्कृति संरक्षण | ३०००० |
| ११५/२०८०।०६।२२ | वडा नं.७ तिज गित प्रतियोगिता | किरण श्रेष्ठ | ७३१२० |
| १२८/२०८०।०७।०१ | वडा नं.१३ तिज गित प्रतियोगिता | मदन घर्ती | ७४४१५ |
| १२९/२०८०।०७।०१ | वडा नं.१२ तिज गित प्रतियोगिता | मदन घर्ती | ७०००० |
| १४०/२०८०।०७।०२ | वडा नं.९ तिज गित प्रतियोगिता | अप्सरा न्यौपाने | ९८४७० |
| १५३/२०८०।०७।१७ | वडा नं.३ तिज गित प्रतियोगिता | आमा समुह महिला संस्कृति प्रवर्द्धन सांस्कृतिक कार्यक्रम | १००००० |
| ३६२।०८०।१०।२४ | तिज गित प्रतियोगिता | नौलो विहानि जागृत समुह | २५००० |
| ३७६।०८०।१०।२५ | देउसी भैलो कार्यक्रम | जनसहयोगी मा वि | १५००० |
| ३५६।०८०।१०।२२ | तिज कार्यक्रम सहयोग | चण्डेश्वरी आमा समुह लगायत २ | ११५००० |
| ३३५।०८०।१०।१६ | तिज गित कार्यक्रम | तनहँसुर भगवती देव स्थल भानु ५/श्री कवाचित कल्याण आमा समुह भानु १२ | ४०००० |
| ३३९।०८०।१०।१७ | तिजगित कार्यक्रम | मिलनशिल आमा समुह भानु ४ | २०००० |
| ३००।०८०।१०।०३ | तिज कार्यक्रम | मित्रता युवा क्लब | ५०००० |
| **जम्मा** | | | **८३१००५** |

४७ **वितरणमुखी खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले चालु खर्च मितव्ययि र पूँजीगत खर्च नतिजामूलक तथा प्रतिफल देखिने गरि खर्च गर्नुपर्दछ । लेखापरिक्षणको क्रममा नमुना छनौट गर्दा निम्नानुसारका गो भौ नं/मितिबाट वितरणमुखि कार्यमा खर्च गरेको देखियो । यसरी वितरणमुखि एवं प्रतिफल प्राप्त नहुने कार्यमा खर्च लाई नियन्त्रण गर्नुपर्दछ । केही उदहारण :

| गो भौ नं मिति | विवरण | ब्यक्ति/संस्थाको नाम | रकम |
|---|---|---|---|
| ९७२।०८१।०३।२३ | ८ नं वडा स्तरीय कार्यक्रमबाट सृष्टि नेपाल सामाजिक संस्थालाई नगद सहयोग/ | सृष्टि नेपाल सामाजिक संस्था | ३०००० |
| ९७२।०८१।०३।२३ | मनोहर मा वि लाई देउसी भैलो सहयोग | मनोहर मा वि लाई देउसी भैलो सहयोग | ५००० |
| ९५७।०८१।०३।२२ | विभिन्न आमा समूहलाई तिज दशै लगायतको विविध खर्च | विभिन्न आमा समुह/युवा क्लव | ११९९७५ |
| ९२६।०८१।०३।२० | मादल खरिद | विभिन्न आमा समूहहरुलाई सांस्कृतिक संरक्षण खर्च | ७१५०० |
| ९००।०८१।०३।१८ | पुस्तक तथा बाध्यबादन सामाग्री वितरण | कालिका पंचायन मन्दिर संरक्षण समिति | ८०००० |
| ९११।०८१।०३।१९ | देउसी भैलो/शिवरात्री पर्व सहयोग | विभिन्न आमा समूह युवा क्लब | ७५००० |
| ८९९।०८१।०३।१८ | खेलकुद सामाग्री खरिद | सुक बहादुर लामा | ९९९० |
| ८७९।०८१।०३।१५ | खाजा खाना | शान्ति युवा क्लब | २०००० |
| १०१९।०८१।०३।२४ | बाजा वितरण | दलित समुदाय उपभोक्ता समिति | ७९००० |
| १०१६।०८१।०३।२४ | भेषभुषा खरिद | विभिन्न व्यक्तिहरु | ४०००० |
| ७१०।०८१।०२।१४ | बाद्यबादन सामाग्री खरिद र वितरण | एकता तमु समाज<br>भानु ११ | १००००० |
| ६१३।०८१।०१।१६ | पूजा तथा मेला व्यवस्थापन खर्च | दोरदोर कोट कालिका पुजा कार्यक्रम उपभोक्ता समिति भानु ३ | १००००० |
| ४४१।०८०।११।२३ | झिलिङ्गा मेशिन खरिद गर्नको सहयोग | विद्या श्रेष्ठ | २०००० |
| ७४/२०८०।०६।०२ | विभिन्न दिवस(वाल दिवस,लैङ्गिक हिँसा विरुद्धको अभियान,जनजाति,जेष्ठ नागरिक र अपाङ्ग दिवस) | नेपाल आदिवासि जनजाती महासंघ | २५०००० |
| १६१/२०८०।०७।२१ | तिज गित प्रतियोगिता | श्री पञ्चमन्दिर सेवा समिति | २०००० |
| ६२६।०८१।०१।१७ | पञ्चेबाजा खरिद गरि वितरण | - | ३९९५६८ |
| **जम्मा** | | | **१५०००३३** |

४८ **कार्यसम्पादन मूल्यांकन बैठक भत्ता :**

गाँउपालिकामा कार्यरत कर्मचारीहरुको आ.व. २०८०।०८१ को कार्यसम्पादन मूल्याँकन फाराम मूल्याङ्कन गर्नको लागि पुनरावलोकन समितिको विभिन्न मितिमा बसेको बैठकको पदाधिकारीलाई भत्ता भुक्तानी गरेकोमा कार्यसम्पादन मूल्यांकन फाराम भर्ने, मूल्यांकन गर्ने कार्य कर्मचारीको दैनिक, नियमित र प्रशासनिक कार्य भित्र नै पर्ने भएकोले सो को लागि बैठक भत्ता खर्च लेख्ने कानूनी आधार नदेखिएकोले आधार प्रमाण भए पेश गर्ने अन्यथा उक्त रकम अधिकृत हरिराज खनालबाट असुल गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५० |

४९ **अनुगमन तथा भ्रमण खर्च :**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष अनुगमन मुल्यांकन तथा भ्रमण खर्च शिर्षकमा रु.२४०००००।- खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

५० **पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन :**

आर्थिक कार्यविधि तथा उत्तरदायीत्व ऐन २०७६ को दफा २४(२) मा खर्च गर्ने कार्यविधि र मापदण्ड अन्तर्गत सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रयोग हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी ढंगले गर्नुपर्ने उल्लेख छ। केही भौचरको नमुना परीक्षणमा देखिए अनुरुप पालिकाले यस वर्ष विज्ञापन छपाई गरेको तथा सुचना प्रकाशन र प्रसारण गरेको भनि विलमात्र पेश भएका आधारमा विभिन्न पत्रिका तथा मिडियालाई निम्नानुसार भुक्तानी गरेको देखिन्छ। यस्ता खर्चमा नियन्त्रण गरी राजस्व रकमको सदुपयोग तर्फ ध्यान दिनुपर्दछ पर्दछ। केहि उदहारण :

| गो.भौ.नं/मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| १०२४।०८१।०३।२४ | त्रिभुवन क्याम्पस | शैक्षिक क्यालेन्डर छपाई | १५००० |
| १०२५।०८१।०३।२४ | विभिन्न ४४ वटा | सूचना प्रकाशन | २८६००० |
| ८१९।०८१।०३।०५ | बाराहि संचार प्रा लि | सूचना प्रकाशन | १२००० |
| ६३९।०८१।०१।२३ | बैद्धिक पुरोहित समाज तनहुँ | सूचना प्रकाशन | १०००० |
| ६३४।०८१।०१।१८ | नेपाल निजामति कर्मचारी यूनियन/स्थानीय तह कर्मचारी संघ | क्यालेन्डर छपाई | ३०००० |
| ५२९।०८०।१२।१८ | मानुङ पोष्ट डट कम | सन्देमुलक सूचना छपाई | ११००० |
| ४३२।०८०।११।१४ | दमौली अनलाईन खबर/प्रहार अनलाई मिडिय | सन्देमुलक सूचना छपाई | २२००० |
| ४१३।०८०।११।१० | ब्रेक थ्रु साप्ताहिक | सन्देमुलक सूचना छपाई | ८००० |
| ३०५।०८०।१०।०४ | ॐ साहि बुक हाउस | पुस्तक खरिद | ७३५० |
| २५५।०८०।०९।०१ | विभिन्न १२ वटा | सूचना प्रकाशन | ११७२१० |
| ०७/२०८०।०४।१५ | खबरवाटिका साप्ताहिक | सुचना प्रकाशन तथा विज्ञापन | १५७६० |
| १४१/२०८०।०७।०२ | देश दर्पण साप्ताहिक | सुचना प्रकाशन तथा विज्ञापन | १६००० |
| | पोखरा टेलिभिजन एण्ड मिडिया प्रा लि | सुचना प्रकाशन तथा विज्ञापन | १६९५० |
| १८७/२०८०।०७।२३ | उत्सव दिवस मिडिया प्रा लि | सुचना प्रकाशन तथा विज्ञापन | १५००० |
| | ब्रेक थ्रु साप्ताहिक | सुचना प्रकाशन तथा विज्ञापन | ८००० |
| | एर्लट साप्ताहिक | सुचना प्रकाशन तथा विज्ञापन | ६००० |
| | दिव्य प्रकाशन प्रा लि | सुचना प्रकाशन तथा विज्ञापन | ५००० |
| | जनचाहना न्युज डट कम | सुचना प्रकाशन तथा विज्ञापन | ८००० |
| | कामाख्या प्रतिष्ठान नेपाल | सुचना प्रकाशन तथा विज्ञापन | १५००० |
| | तनहु उद्धघोस | सुचना प्रकाशन तथा विज्ञापन | ७९१० |
| | अर्थ सवाल मिडिया प्रा लि | सुचना प्रकाशन तथा विज्ञापन | १५००० |
| | प्रादेशिक खबर राष्ट्रिय दैनिक | सुचना प्रकाशन तथा विज्ञापन | १५००० |
| | तनहुँ तरङ्ग | सुचना प्रकाशन तथा विज्ञापन | १२००० |
| | कागजात मिडिया प्रा लि | सुचना प्रकाशन तथा विज्ञापन | ७००० |
| | सुशासन आवाज | सुचना प्रकाशन तथा विज्ञापन | ७००० |
| | जनसंघर्ष | सुचना प्रकाशन तथा विज्ञापन | ७००० |

| | | | |
|---|---|---|---|
| | सुकृती साप्ताहिक | सुचना प्रकाशन तथा विज्ञापन | ५००० |
| **जम्मा** | | | **७००१८०** |

५१ **पारिश्रमिक कर :**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **७,८४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५२ **एम्बुलेन्स :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सिमा भित्र रहि आम्दानी तथा खर्च गर्नुपर्ने व्यवस्था छ। साथै विनियोजन ऐन बमोजिम पालिकाको सबै आम्दानी स्थानिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले आ.व.०७९/०८० मा रु. १०९५१९७ मा खरिद गरेको ग २ झ ६१४ नं को एम्बुलेन्स २०७९असोज महिना देखि २ नं. वडा समितिले संचालन गर्ने गरी एम्बुलेन्स सेवा प्रदान गरेकोमा उक्त सेवाबाट आ.व २०७९।८० मा रु ५४९६०० र आ.व २०८०।८१ को चैत्र सम्म रु ४२२००० र बैशाख देखि असार सम्म रु २१६६०० गरी जम्मा रु ११८८२०० आम्दानी भएको देखिन्छ।सो एम्बुलेन्सको लागि उक्त वडा कार्यालयले ईन्धन र सवारी चालकको पारिश्रमिक गरी रु.८८३०७९ खर्च भएको विवरण पेश गरेको छ।लेखापरीक्षणको क्रममा बाँकी रु.३०५१२१ पालिकाको आन्तरिक राजस्व खातामा दाखिला भएको छ।पालिकाले वडा कार्यालय मार्फत पेश गरेको ईन्धन र सवारी चालकको पारिश्रमिक रु.८८३०७९ नगर सभाबाट अनुमोदन गराउनु पर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ८,८३,०७९ |

५३ **कर कट्टी :**

आय कर ऐन,२०५८ को दफा ८८,८९ र ९० अनुसार अतिरिक्त पारिश्रमिक आयमा १५ प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले अतिरिक्त भत्ता वापत रु.११७०५३२ भुक्तानी गरेकोमा कर कट्टी गर्न छुट भएको १४ प्रतिशतको दरले हुने रु.१६३८७४ कर कट्टी गरि संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| कर्मचारी नाम | भत्ता रकम | १ प्रतिशत कट्टी रकम | कट्टी गर्न बाँकी १४ प्रतिशत |
|---|---|---|---|
| कृपाहरी लौडारी | ४२७८४ | ४२८ | ५९९० |
| विनोद थापा | १५२८० | १५३ | २१३९ |
| सुशिल ऐरी | १५२८० | १५३ | २१३९ |
| शिवराज मिश्र | १४५६० | १४६ | २०३८ |
| मदन घर्ती | १७३७० | १७४ | २४३२ |
| सुशिल न्यौपाने | १७३७० | १७४ | २४३२ |
| श्रीकृष्ण मिश्र | १७३७० | १७४ | २४३२ |
| शिव कुमार श्रेष्ठ | १६४५५ | १६५ | २३०४ |
| शेखर शाह | १७३७० | १७४ | २४३२ |
| मिलन सिंह | १६४५५ | १६५ | २३०४ |
| धनराज कुमाल | १०९७० | ११० | १५३६ |
| मनिषा खड्का | १०९७० | ११० | १५३६ |
| राजन सेढाई | १०९७० | ११० | १५३६ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **४,२७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **५,७०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **३,२४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,२५० |

५४ **प्रशिक्षण भत्त :**

गण्डकी प्रदेश खर्चको मापदण्ड २०७९ को अनुच्छेद १ मा तालिम केन्द्र बाहेकको निकायले तालिम संचालन गर्दा अधिकृतस्तरको कर्मचारीको लागि कार्यपत्र वापतको प्रति दिन १००० र कक्षा संचालन वापतको प्रति सेसन रु ८०० को दरले भत्ता रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । साथै सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा

कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्रको रकम पाउने व्यवस्था रहेको छ भने कार्यक्रममा संयोजन गर्ने संयोजकको समेत भत्ता निर्धारण गरेको छ । पालिकाले निम्न गो.भौ.नं/मितिबाट तोकेको नम्सभन्दा बढी भुक्तानी गरेको सम्बन्धितबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं./मिति | प्रशिक्षकको नाम | पद | शेसन | पाएको दर | नर्म्स अनुसारपाउनुपर्ने दर | जम्माभुक्तानी | पाउनु पर्ने भुक्तानी | कर बाहेकको बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ९३५।०८१।०३।२१ | नवराज नेपाली | प्रशिक्षक | ८ | २५०० | १८०० | २०००० | १४४४०० | ४७६० |
| ४९१।०८०।१२।०९ | विष्णु हडखले | प्रशिक्षक | ४ | ३४०० | १८०० | १३६०० | ७२०० | ५४४० |
| | बिमल गिरि | प्रशिक्षक | २ | ३४०० | १८०० | ६८०० | ३६०० | २७२० |
| ३९३।०८०।११।०३ | प्रताप सिंह गुरुङ | प्रशिक्षक | ६ | २५०० | १००० | १५००० | ६००० | ७६५० |
| | रमेश विष्ट | प्रशिक्षक | ४ | २५०० | १००० | १०००० | ४००० | ५१०० |
| | हरि नारायण श्रेष्ठ | प्रशिक्षक | २ | २५०० | १००० | ५००० | २००० | २५५० |
| ३१८।०८०।१०।१८ | कृष्ण चन्द्र ढकाल | प्रशिक्षक | १० | ३४०० | १००० | ३४००० | १०००० | २०४०० |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **२,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,६२० |

५५ **ज्यालादारी कर्मचारी :**

पालिकाले पालिकामा रहेको ग१ग२६५ नंम्बरको जे.सि.भि. चलाउनको लागि विरेन्द्र थापा मगरलाई प्रमाणित डोर हाजिरको आधारमा यस वर्ष रु.३५६७३६ पारिश्रमिक भुक्तानी गरेको छ।यसरी वर्ष भरी नै ज्यादारीमा राखेकोमा पालिकाले संगठन तथा व्यवस्थापन सर्भे भित्र समेटी दरवन्दी स्वीकृत गरी करार सेवामा लिई कानून बमोजिम कार्य संचालन गर्नुपर्ने देखिन्छ।

५६ **करार सेवाको कर्मचारी :**

नगर सभाको २०७९।११।०४ को निर्णय नं.४ ले भानु नगरपालिकाको दरवन्दी थप घट सम्बन्धमा अध्ययन गरी पेश भएको नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण (O and M) सर्वेको प्रतिवेदन २०७९ स्वीकृत गरेको छ। जस अनुसार स्थायी तर्फ ८५ र करार तर्फ भानु सामुदायिक केन्द्रको ४ जना समेत १०९ जनाको दरवन्दी सभाले स्वीकर्त गरेको देखिन्छ। १०९ जना कर्मचारीलाई रु.२०९९९८१५ भुक्तानी भएको देखिन्छ।उक्त संगठन तथा व्यवस्थापन सर्वेक्षण पालिकाबाट स्वीकृत भए पनि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत भएको देखिएन।पालिकाले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समेत संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गराउनु पर्ने देखिन्छ।

५७ **सामुदायिक वनको आय :**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानिय तहबाट स्वीकृत गराउनु पर्दछ । सामुदायिक वनले वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा बुझाउनु पर्ने व्यवस्था छ । डिभिजन वन कार्यालयबाट प्राप्त विवरण अनुसार यस पालिका अर्न्तगत देहायका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री गरेकोमा उक्त रकमको दश प्रतिशतले हुने रकम यस पालिकामा बुझाउनु पर्नेमा बुझाएका छैनन् । उक्त रकम उठाउन स्थानिय तहले कुनै पहल गरेको समेत देखिएन । तसर्थ: उक्त रकम असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | सामुदायिक वनको नाम | ठेगाना | सामुदायिक वन उपभोक्ता समितिको आम्दानी(सकार रकम र संकलन खर्च) | स्थानीय तहलाई बुझाउनुपर्ने १० प्रतिशत रु. |
|---|---|---|---|---|
| १ | वागेश्वरी | भानु ९ | ७२००० | ७२०० |
| २ | गैराथोक | भानु ६ | ४२३८४३ | ४२३८५ |
| ३ | गैराथोक | भानु ६ | २५८३३४ | २५८३५ |
| ४ | मान्द्रेकालिका | भानु ६ | १०३४४०५ | १०३४४१.६७ |
| ५ | थानीमाई | भानु ७ | ६६८१७५ | ६६८१८.३३ |
| **जम्मा** | | | **२४५६७५७** | **२४५६७५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४५,६७५ |

५८ **आन्तरिक श्रोत परिचालन तर्फ :**

५८.१ ढुंगा गिट्टी वालुवा : पालिकाले तयार गरेको प्रारम्भिक वातावरणिय अध्ययन प्रतिवेदन २०७९।०८० अनुसार मर्स्याङ्दी नदीको १४ घाटको उत्खनन् योग्य क्षमता ५९४५४ घ.मी. रहेको देखिन्छ ।पालिकाले २०८०।०८।१३ मा १४ घाटको लागि सूचना प्रकाशन गरेकोमा बेनी बगर ४२५६घ.मी. र आम्बोटे १३७८ घ.मी. मध्ये ९१८ घ.मी. का लागि मात्र सम्झौता भएकोमा देखिएको व्यहोरा निम्न छन् ।

५८.२ आम्बोटेको उत्खनन् क्षमता १३७८ घन.मि. रहेकोमा ९१८ घ.मी. को लागि मात्र सुभम् निर्माण सेवा सँग २०८०।१०।०४ मा रु.३३७७७५ मा सम्झौता भएको देखिन्छ ।उक्त फर्मसँग IEE प्रतिवेदनमा उल्लेखित क्षमता भन्दा ४६० घ.मी. घटाई सम्झौता गरेकोले उक्त ४६० घन.मि. को प्रदेश सरकारले तोकेको दरले हुने रु.१४६०९० राजस्व गुमेको देखिन्छ । यस सम्बन्धमा IEE प्रतिवेदनमा उल्लेखित उत्खन्नयोग्य क्षमता भन्दा घटी घन मि. मा सप्लायर्स संग सम्झौता गर्नुको कारण स्पष्ट गर्नुपर्दछ।

५८.३ **मु अ कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं. ३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले निम्न आय ठेक्काको मू अ कर वापतको रु.५१२३४२ पालिकाको पान नं.२०१२९५६०५ बाट संघीय राजश्व शिर्षक नं.३३३१७ मा दाखिला र अग्रीम आयकर वापतको रु.२४७५० गरी जम्मा रु.५३७०९२ सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्ने रु.

| आर्थिक वर्ष | निर्माण व्यवसायी | मुअकर बाहेकको रकम | मु अ कर | अग्रीम कर |
|---|---|---|---|---|
| २०७९/०८० | प्रिन्स कन्स्ट्रक्सन(पान नं. 603363279) | ५७४०९४ | ७४६३२ | - |
| २०७९/०८० | नेपाल परि निर्माण कम्पनी (पान नं. 3022918819) | १७१७००० | २२३२१० | - |
| २०८०/०८१ | शंखर निर्माण सेवा(पान नं 601193679) | १३५५००० | १७६१५० | २०३२५ |
| २०८०/०८१ | शुभम् निर्माण सेवा(पान नं 606481076) | २९५००० | ३८३५० | ४४२५ |
| **जम्मा** | | **३९४१०९४** | **५१२३४२** | **२४७५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,३७,०९२ |

५८.४ **मु अ कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं. ३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले विभिन्न मितिमा १२ निजि जग्गाबाट ढुंगा गिट्टी वालुवा उत्खनन् गरी रु.५२३५४५ राजस्व आय आर्जन गरेको देखिन्छ । नदिजन्य पदार्थको आय आर्जनमा १३ प्रतिशतले हुने मू अ कर रु.६०२३० राजस्व शिर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,२३० |

५९ **भ्यू टावर निर्माणः**

पालिका तथा निर्माण व्यवसायी आर्कलाईट कन्सल्टिङ् इन्जिनियरिङ्ग बीच मिति २०७८।१।२८ गते १ वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी रु ५९६५५८० मा सम्झौता भएकोमा लेखापरीक्षण अवधि सम्म पनि जम्मा १० प्रतिशत भौतिक प्रगति भएको देखिन्छ ।पालिकाले मिति २०८१।९।३० सम्म ३ पटक म्यद थप गरिएको देखिन्छ ।भ्यू टावरको डिजाइनमा उल्लेख भएको कोलुम सेक्सन नेपालको कुनै पनि स्टिल उत्पादकबाट नबनाउने हुँदा सुपर स्टक्चरको कार्य गर्ने नसकिएको भनी निर्माण कार्य ढिलाई भएको भनी पालिकाले पटक पटक म्याद थप गरेको देखिएको छ ।भ्यू टावर निर्माण भएको स्थानमा के कति सार्वजनिक जमिन रहेको बारे पालिकाले यकिन गरी लगत राख्नुपर्ने तथा संरक्षण गनुपर्ने देखिन्छ । तसर्थ, निर्माण व्यवसायीसँग परामर्श गरी थपिएको म्याद भित्रै कार्य सम्पन्न गर्नुपर्ने अन्यथा प्रचलित कानून बमोजिम ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

६० **नन् फाइलरः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा बिक्री गर्दा प्रापकलाइ कर बिजक दिनुपर्ने व्यवस्था छ । उक्त कर विजकबाट खरिदमा तिरेको मू.अ.कर घटाइ अर्को महिनाको २५ गतेभित्र सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाले लिगलिग कालिका टेर्ड्स लाई भौचर नं ६५० बाट छत्रेपुल दुधेकुना हुँदै वडा कार्यालय निर्माण गर्ने लिगलिग कालिका टेर्डस ( 305588557) लाई विजक रकम रु ६८३८१ को भुक्तानी दिँदा आन्तरिक राजस्व कार्यालयको पोर्टलमा नन् फाइलर देखिएकाले सो अवधिको मू अ कर दाखिला भए नभएको यकिन हुन नसकेकाले कर समायोजन पत्र पेश गर्नुपर्ने रु

| भौचर नं | योजनाको नाम | विक्रेताको नाम | मू अ कर रकम | विजक रकम |
|---|---|---|---|---|
| ६५० | छत्रेपुल दुधेकुना हुँदै वडा कार्यालय | लिगलिक कालिका टेर्डस | २६६६ | ६८३८१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६८,३८१ |

६१ **भानु साहित्य उद्यान पार्क :**

पालिकाले भानु साहित्य उद्यान पार्क निर्माण गर्न यस वर्ष ५ करोड विनियोजन गरी रु ४ करोड ९८ लाख खर्च भएको देखिन्छ । आदिकवि भानुभक्त जन्मगाँउ चुँदी रम्घामा साहित्य उद्यान निर्माण गर्ने, साहित्यकि श्रष्टाहरुको शालिक निर्माण गर्ने लगायत कार्यको लागि रु.५ करोड अनुदान दिने मिति २०८०।१०।०३ गतेको मन्त्रीपरिषदको निर्णण तथा अधिग्रहण गरिने जमिनको मुअव्जा निर्धारण

समितिको मिति २०८०।१०।२३ को निर्णय अनुसार ९५ जना जग्गा धनी बाट १५७ कित्ता जमिन अधिग्रहण गरी रु ४ करोड १६ लाख ३९ हजार मुअब्जा वितरण गरेको प्राप्त विवरणबाट देखिन्छ ।यस सम्बन्धमा देखिएका थप ब्यहोराहरु निम्नानुसार छन :

६१.१ जिल्ला मुआब्जा निर्धारण समितिको मिति २०७९।०२।१९ को निर्णय अनुसार सुचना प्रकाशित भई सरोकारवाला व्यक्तिहरुले मुआब्जा दावी गर्न आ-आफ्नो हकदैया भोगचलन सम्बन्धि सबुद प्रमाण सहित निवेदन दिन गोरखा पत्रमा सुचना प्रकाशित गरे अनुसार १५८ कित्ताको ९४ जग्गाधनीबाट लगत कट्टा गरी पालिकाको नाममा श्रेस्ता पुर्जा कायम भएको देखिन्छ।जग्गा मुआब्जाको लागि प्राप्त रकम भौचर नं.६८/२०८१।०३।२४ मा रु.३५३७८०१ तेईस (२३) जना जग्गा धनीहरुलाई मुआब्जा वितरण गर्ने प्रयोजनको लागि ग्लोबल आई एम ई बैंकमा बजेट खर्च लेखी खाता रोक्का राखेको देखिन्छ।उक्त रकम मध्ये मुआब्जा वितरण गर्न बाँकी रु.३३४९५९८ को सम्बन्धमा पालिकाले पटक पटक सुचना प्रकाशित गरेता पनी मुआब्जा बुझिलिन सम्बन्धित जग्गा धनी सम्पर्कमा नआएकोले संघिय सर्शत अनुदानबाट प्राप्त उक्त रकम मिति २०८१।०९।२५ मा रु.३३४९५९८ लेखापरीक्षणको क्रममा राजस्व शिर्षक नं.१५१११ मा दाखिला गर्न लगाइएको छ।

६१.२ पालिकाले पार्क निर्माणको डि.पि.आर तयार गरेको छैन । भानु साहित्य समितिले भने ४०० रोपनी जमिन चाहिने जस्को मूल्य करिव ५ करोड हुने तथा सम्पुर्ण परियोजनाको कूल लागत करिव ५६ करोड रहने उल्लेख गरेको देखिन्छ ।

६१.३ जग्गा मुअब्जा वितरण कार्य अधिकांश सम्पन्न भएतापनि परियोजनाको अन्य कार्य भने सन्तोषजनक देखिँदैन ।आदिकवी भानुभक्त आचार्यको पूर्णकद तथा अर्ध कदको शालिक तयार भएपनि स्थापित भए नभएको अभिलेख परीक्षण बाट देखिदैन ।तसर्थ, नगरपालिकाले डि.पि.आर तयार गरी सोही आधारमा श्रोत सुनिश्चितता गरी निर्माण कार्य सम्पन्न गर्नु तर्फ ध्यान दिनुपर्दछ ।

६१.४ पालिकाले उलब्ध गराएको विवरण अनुसार यस वर्ष भएको खर्चको विवरण निम्न रहेको छ :

| क्र स | खर्चको विवरण | रकम |
|---|---|---|
| १ | जग्गामा भएको खर्च कूल ३८८ रोपनी | ३५६७१९५२ |
| २ | जग्गामा भएको टहरा हटाउने कार्यमा मुअब्जा वितरण | ५९६७५१३ |
| ३ | बाटो सरसफाई | २०००० |
| ४ | विकास निर्माण | ६४७३३२८ |
| ५ | मुर्ति निर्माण | १९३००० |
| ६ | टोपोग्राफिक सर्भे | ४८५९०० |
| ७ | फर्निचर खरिद | ६८२५२ |
| ८ | पेन्टिङ्ग फ्रेम | २२६०० |
| ९ | रेखा चित्र | २००००० |
| १० | मालपोत कार्यलयका कर्मचारी लगायत अन्य कर्मचारीको भ्रमण भत्ता तथा मेशिनरी सामग्री | ३६६७६२ |
| ११ | बैठक भत्ता लगायत प्रशासनिक खर्च | १३४००० |
| १२ | कार्यक्रम खर्च | ९३६२५ |
| १३ | खाना तथा खाजा खर्च | १०६७८५ |
| | **जम्मा** | **४९८०२७१७** |

६२ **कालिमाटि मानेचौका कुन्छा मोटरमार्गः**

संघीय समपूरक योजना अन्तर्गत पालिका तथा निर्माण व्यवसायी घाँसीकुवा निर्माण सेवा बीच रु १३००००००० लागत अनुमान तयार गरी मिति २०८१।३।१९ सम्म सडक निर्माण कार्य गर्न रु ९८०१३७६ मा सम्झौता भएको देखिन्छ ।यसरी समपूरक योजनामा संघिय सरकार तथा स्थानीय तहको ५०/५० प्रतिशत लागत साझेदारी हुने कार्यविधिमा उल्लेख भएकोमा जम्मा मूल्याङ्कन भएको रकम रु ५८०१५९० को आधा रकम रु २९००७९५ संघिय समपूरक कोषबाट भुक्तानी दिनुपर्नेमा पालिकाले नगरपालिका पुँजिगत खाताबाट भौचर नं ४०८ र ५४३ बाट रु ५८०१५९० भुक्तानी दिएको देखिन्छ । आर्थिक वर्ष अन्त्य तिर संघिय समपूरक कोषबाट रु ४८४८८७६ निकासा प्राप्त गरी संचित कोषमा दाखिला भएको देखिन्छ । ।यसरी निर्धारित समयमा निर्माण सम्पन्न हुन नसकेको कारणले संघीय अनुदान पूर्ण रुपमा खर्च हुन सकेन ।योजनाको प्राविधिक मुल्याङ्कन गरी नपी किताबमा जनाइएको रकम अनुपातमा भुक्तानी हुनुपर्नेमा सोभएको देखिएन ।अनुदान रकमबाट मूल्याङ्कन भएको रकमको आधा रकम रु २९००७९५ कट्टा गरी बाँकी रकम रु १९४८०८१ फिर्ता गर्नुपर्नेमा फिर्ता नगरी स्थानीय संचित कोषमै रहेको देखिन्छ ।पालिकासंग छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ मा रु ४० लाख ८७ हजार बजेट व्यवस्थापन भई सो योजना पुरा गरी भुक्तानी व्यवस्थापन गर्ने जानकारी दिएको छ ।तसर्थ, पालिकाले योजना यस आर्थिक वर्षमा थप व्यय भार नपर्ने गरी सम्पन्न गर्न पहल गर्नुपर्दछ साथै अनुदानमा आधारित योजना तोकिएकै समयमै सम्पन्न गरी अनुदानको सदुपयोग गर्न तर्फ ध्यान दिनुपर्दछ ।

६३ **कालिमाटि अस्पतालः**

संघीय विशेष अनुदानमा पालिकाले तथा निर्माण व्यवसायी किराँतेश्वर कन्स्ट्रक्सन तथा ड्रिलिङ्ग कम्पनी बीच मिति २०८०।९।२० गते भित्र निर्माण सम्पन्न हुने गरी मिति २०७८।३।२७ मा रु ७३४०३१७४ मा निर्माण सम्पन्न भएको देखिन्छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छनः

६३.१ सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माण कार्य शुरु गर्नु अगावै निर्माण स्थाल तयार गरी ठेक्का व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । पालिकाले निर्माण ठेक्का लगाए पश्चात जग्गा विवाद भएको भनी तोकिएको समय सम्म पनि निर्माण कार्य शूरु भएको देखिएन । पालिकाले भेरिएसन आदेश जारी गरी डिजाइन परिवर्तन गरेपश्चात रु ११६१३७५७ मूल्याङ्कन भएको देखिन्छ । निर्माण गर्दा पर्याप्त तयारी नभएको कारण निर्माण कार्यमा ढिला भएको हुँदा जग्गा विवाद समाधान गरी यथाशिघ्र निमार्ण कार्य सम्पन्न गर्नुपर्दछ ।

६३.२ निवेदक निर्माण व्यवसायीले मिति २०८०।६।२२ गते म्याद थपको निवेदन पालिका समक्ष पेश गरेकोमा सार्वजनिक खरिद नियमावलीको नियम १२० क अनुसार म्याद थपको निवेदन पेश गर्दा थप आर्थिक सुविधा प्राप्त नुहने गरी समयको विश्लेषण गरी म्याद थप गर्नुपर्नेमा पालिकाले आर्थिक पक्ष, वर्क स्युडुल जस्ता पक्षलाई बिचार नगरी मिति २०८१।१२।३० सम्म म्याद थप गरिएको छ । तसर्थ, पालिकाले तोकिएको म्याद भित्र निर्माण कार्य सम्पन्न गर्नुतर्फ ध्यान दिनुपर्दछ ।

६४ **ट्र्याक कोटमा वढी भुक्तानीः**

सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टयाण्डर्ड स्पेशिफिकेशन २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्यचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४०देखि ०.६० लिटर र नयाँ सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमाप्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर ट्याककोट लाग्ने छ। पालिकाले निम्न कार्यमा भौचर नं ६५९।२०८१।३।२४ बाट मापदण्ड भन्दा वढी भुक्तानी गरेकाले असुलउपर गर्नुपर्ने रु

| निर्माण व्यवसायी | दर | भएको परिमाण | दिनुपर्ने | दिएको | फरक sq.mt | रकम |
|---|---|---|---|---|---|---|
| बेलु निर्माण सेवा | १४० | २०१ | १२० | १४१ | २१ | २९४० |
| | | | | | जम्मा | २९४० |
| | | | | | मूअकर | ३८२ |
| | | | | | कूल जम्मा | ३३२२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३२२ |

६५ **ड्रईङ्ग बेगर भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सार्वजनिक निकायले खर्चको भुक्तनी दिँदा विल विजक तथा भरपाईको आधारमा गर्नुपर्ने उल्लेख छ । पालिकाले खरिद सम्झौताको GCC 57 अन्तिम भुक्तानी लाँदा ड्रईङ्ग पेश गर्नुपर्ने अन्यथा रु २०००० रोक्का राख्नुपर्ने उल्लेख भएकोमा ड्रईङ्ग पेश गरे बापत रु २०००० लागत अनुमानमा समावेश गरेको तथा निर्माण व्यवसायी सि.आर नेशनल कन्सट्रक्सन प्रा.लिलाई As Build Drawing बेगर रु २०००० भुक्तानी दिएकोले ड्रईङ्ग पेश गर्नुपर्ने अन्यथा असूल उपर गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

६६ **शिखर कटारी मार्गः**

शिखर कटारी मार्गः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सार्वजनिक निकायले खर्चको भुक्तनी दिँदा विल विजक ,भरपाई लगायतको कागजातको आधारमा गर्नुपर्ने उल्लेख छ । पालिका तथा निर्माण व्यवसायी सम्राट विल्डर्सबीच रु ४९९८४२४ लागत अनुमान तयार गरी मिति २०८१।३।१९ सम्म सम्पन्न गर्ने गरी मिति २०८०।१२।१५ मा रु ४३०८९८४ मा निर्माण सम्झौता गरेको देखिन्छ । यसरी सम्झौता गर्दा विमा बापत रु ३०००० रकम तय भएकोमा निर्माण व्यवसायीले विमा बापत रकम दावी गरी भुक्तानी लिएकोमा सोको विजक पेश नगरेकाले विमा गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

६७ **कर्मदा मा.वि पहिरो नियन्त्रणः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **१३,५४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६८ **भानु जन्मस्थल मार्ग**

भानु जन्मस्थल मार्ग तेस्रो फेजः संघीय समपूरक योजना अन्तर्गत पालिका तथा निर्माण व्यवसायी के एण्ड एस लवाङ्ग जे.भी बीच रु २४०००००० लागत अनुमान तयार गरी मिति २०८१।३।२० सम्म सडक निर्माण कार्य गर्न रु १९८०२४११ मा मिति २०८०।११। २३ मा सम्झौता भएको देखिन्छ ।यसरी समपूरक योजनामा संघिय सरकार तथा स्थानीय तहको ५०/५० प्रतिशत लागत साझेदारी हुने कार्यविधिमा उल्लेख भएकोमा जम्मा मूल्याङ्कन भएको रकम रु १३३७५०७९ को आधा रकम रु ६६८७५३९ संघिय समपूरक कोषबाट भुक्तानी दिनुपर्नेमा पालिकाले नगरपालिका पुँजिगत खाताबाट भौचर नं ३८४ र ६३२ बाट रु १३३७५०७९ भुक्तानी दिएको देखिन्छ । आर्थिक वर्ष अन्त्य तिर संघिय समपूरक कोषबाट रु ९५३७१७६ निकासा प्राप्त गरी स्थानीय संचित कोषमा दाखिला भएको देखिन्छ । यसरी निर्धारित समयमा निर्माण सम्पन्न हुन नसकेको कारणले संघीय अनुदान पूर्ण रुपमा खर्च हुन सकेन ।योजनाको प्राविधिक मुल्याङ्कन गरी नपी किताबमा जनाइएको रकम अनुपातमा भुक्तानी हुनुपर्नेमा सोभएको देखिएन ।अनुदान रकमबाट मूल्याङ्कन भएको रकमको आधा रकम रु ६६८७५३९ कट्टा गरी बाँकी रकम रु २८४९६३७ फिर्ता गर्नुपर्नेमा फिर्ता नगरी स्थानीय संचित कोषमै रहेको देखिन्छ ।पालिकासंग छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ मा रु १ करोड १० लाख बजेट व्यवस्थापन भई सो योजना पुरा गरी भुक्तानी व्यवस्थापन गर्ने जानकारी दिएको छ ।तसर्थ, पालिकाले योजना यस आर्थिक वर्षमा सम्पन्न गर्न पहल गर्नुपर्दछ साथै अनुदानमा आधारित योजना तोकिएकै समयमै सम्पन्न गरी अनुदानको सदुपयोग गर्न तर्फ ध्यान दिनुपर्दछ ।

६९ **राजस्व दाखिला :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट बैंक कार्यालयवीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोहि वमोजिम गर्नुपर्ने व्यवस्था छ। साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत गरी दाखिला गर्न लगाउने र सो भन्दा बढि ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिकाको विभिन्न वडाहरुबाट संकलन गरेको राजस्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधिभित्र दाखिला नगरी महिना व्यथित भई सक्दा सम्म सो महिनाको राजश्व अर्को महिनासम्म ढिला गरेको देखिएकोले सम्बन्धित व्यक्तिबाट जरिवाना असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| **महिना** | **वडा/पालिका** | **राजश्व संकलन गर्न जिम्मेवार कर्मचारी** | **आय प्राप्त रु** | **दाखिला रु** | **दाखिला मिति** | **ढिला दाखिला दिन** | **असुल गर्नुपर्ने रु** |
|---|---|---|---|---|---|---|---|
| पौष | वडा नं.४ | पुष्पा लम्साल वाग्ले | ८२२३१ | ८२२३१ | २०८०।१०।०४ | ४ | ८२२३ |
| मंसिर | वडा नं.१० | सुनिता रावल | ८४९३७ | ८४९३७ | २०८०।११।२१ | ८१ | ८४९३ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **५,७६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रु **६,४५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **४,२४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **५,९५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,७१६ |

७० **हेभी मेशिनको प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न पाइने छैन तथा हेभी मेशिनप्रयोग गर्नुपर्ने भएमा लागत अनुमान तयारी गर्ने समयमानै प्राविधिक पुस्ट्याई सहित गर्नुपर्ने भनी व्यवस्था गरेको छ ।नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले निम्न उपभोक्ता समितिलाई सडक मर्मत कार्यको लागि निर्माण व्यवसायीको उपयोग गरी हेभि इक्विपमेन्ट प्रयोग गरेको देखियो। उपभोक्ता समितिले मेशिन प्रयोग गर्ने कुनै अनुमति माग गरेको तथा लागत अनुमान तयार गर्दा प्राविधिक राय सहितको विवरण उपलब्ध नभएकाले नियमावलीको पालना भएको देखिएन । नियम ९७ अनुसार स्थानीय स्तरमा रोगजारी सृजना हुने कार्यमा उपभोक्ता समितिलाई कार्य दिनुपर्नेमा यसरी निर्माण व्यवसायीलाई जिम्मा दिँदा स्थानीय स्तरमा रोजगारी प्रावर्द्धन नुहने तथा कार्यमा दिगोपना र अपनवत्व पनि नहुने भएकाले त्यस तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| भौचर नं | उपभोक्ता समिति | लागत अनुमान | निर्माण सेवा | मू.अ कर विजक |
|---|---|---|---|---|
| १९४ | बग्रेनी चौतारा वाणको खोर मार्ग स्तरोन्नती | ११४८०३ | वन्दिपुर मिनि भेटवाल कन्स्ट्रक्सन | १३२७५ |
| ४ | जडेको चौतारा क्रमागत योजना | ५४४५० | तनहुँ बन्दिपुर कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३०९७५ |

७१ **उपभोक्तालाई वढी मू.अ कर**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको विल भरपाई सार्वजनिक निकायमा पेश

गर्नुपर्ने व्यवस्था रहेको छ । तनहुँ जिल्लाको २०८०।०८१ को जिल्ला दररेटमा तोकिएको सिमेन्ट, सरिया, ईट्टा तथा जस्ता पताको मूल्यमा मू अ कर लाग्ने भए सोसमेत कायम गरी कारोवार गर्नुपर्ने भएतापनि देहायका उपभोक्तालाई सोही दरमा मु.अ.क. सहित भुक्तानी दिएको र उपभोक्ता समितिले न्युन परिमाणको विजक पेश गरेकाले उपभोक्ता समितिलाई लागत अनुमानमा तय भएको मू.अ कर वढी भुक्तानी भएको देखिँदा सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो भौ न। मिति | उपभोक्ता समिति | | मूल्याङ्कन भएको रकम | लागत अनुमान अनुसार हुनपर्ने रकम | उपभोक्ताले पेश गरेको विजक असुसार | फरक रकम | बढी मू अ कर भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ३३।४।१२ | बागेश्वरी मोटर मार्ग उ.स | सिमेन्ट | २६१०८९६ | २२३७४० | १६०८८९ | ६२८५० | ८१७० |
| ५२।४।१७ | तिलाघर सामुदायिक भवन उ.स | सिमेन्ट | १३२०३८३ | २१४०४४ | १७१५३४ | ४२५१० | ५५२६ |
| २२।४।१२ | खसुण्डे भानु-९ वडा देखि फाउदीखोला सडक | सिमेन्ट | ३२२०९७९ | १७७५०० | १५६६१८ | २०८८२ | २७१४ |
| ४५८।३।०५ | दुहुरेपसल सामुदायिक भवन निर्माण उस | ईट्टा | ४३४७५६ | ९०९९१ | ४९१३७ | ४१८५३ | ५४४० |
| ५२०।३।१३ | लोकथुम्मी विश्रामस्थल उस | जस्ता पाता | २०८४२३ | ३४३१७ | २८२५० | | ६०६७ |

| असुल गर्नुपर्ने | २७,९१७ |
|---|---|

## ७२ दर विश्लेषण फरक पारी भुक्तानीः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत जिल्ला दररेट तथा विभागिय नम्सको आधारमा लिनुपर्ने तथा नियम १२३ मा निर्माण कार्यको भुक्तानी दिँदा प्राविधिक नाप जाँच गरी उठेको नापी कातावमा उल्लेखित कार्यको आधारमा नियम १० अनुसार तय भएको दरमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले निम्न कार्यमा हुनुपर्ने दर भन्दा वढी हुने गरी भुक्तानी भएकाले वढी भुक्तानी सम्बन्धितबाट असूल गर्नुपर्ने रु

| भौचर नं | उ.स को नाम | परिमाण | कार्य | मूल्याङ्कन रकम | हुनुपर्ने दर | भएको दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २१०।१२।२८ | गौरी गाउँ सजबोटे | ७.२४ | M10 | १६८७५८ | ११३७२ | ९३०४ | १८४९ |
| | | ०.२१६ | M15 | | १२८६७ | १०६७० | ४२३ |
| २१८।१।२ | खोरुण्डे मोटरमार्ग | ०.६०८ | M10 | २१९२१५ | १०७८१ | ९६४७ | ६१६ |
| | | ७.८७ | Stone masonry 1:4 | | ९३९८ | ८५६८ | ५८४२ |
| ५२२।३।१३ | लामास्वाँरा गोरेटो बाटो निर्माण | १.९०९ | M15 | | १२८६७ | १०६७० | २१६० |

| असुल गर्नुपर्ने | १४,८९० |
|---|---|

## ७३ फर्मा वक्समा वढी भुक्तानीः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत जिल्ला दररेट तथा विभागिय नम्स तथा स्पेशिफिकेसनको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ ।पालिकाले भौचर नं २६।२०८०।४।१२ बाट भट्टारी देखि हेलपोष्ट वडा कार्यालय जाने बाटो निर्माण गर्ने उपभोक्ता समितिलाई रु ३२०९६३२ नापी मूल्याङ्कन गरी उपभोक्ताको अंश तथा कर कट्टी गरी रु २७८९०८६ भुक्तानी गरेको देखिन्छ । लागत अनुमान तयार गर्दानै फर्मा कार्यको रकम समावेश हुने भएकोमा ४५ घ.मी कार्यको रु ७७८ का दरले हुने रु ३५०१९ पूनः फर्माको भुक्तानी भएकाले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ३५,०१९ |
|---|---|

७४ **नापी भन्दा वढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने उल्लेख भएकोमा निम्न भौचर नं बाट पालिकाले उपभोक्ता समितिलाई नापी भन्दा भुक्तानी भएकाले वढी भुक्तानी भएको रकम असुलउपर गर्नुपर्ने रु

| भौचर नं | उपभोक्ताको नाम | उपभोक्ताको अंश | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| २७४ | ढुकर्ने खानेपानी उस | १४५६१ | ४७६५७८ | ४६३६१० | १२९६७ |
| ५४६ | जयवुद्ध तथा चण्डीस्थान खानेपानी ट्याङ्की | ७०४२५ | ५८५७३५ | ६३००७९ | ४४३४४ |
| | | | | | ५७३११ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,३११ |

७५ **डि.पि.आरः**

नगरपालिकाले यस वर्ष निम्न भौचर नं बाट परामर्श सेवा खरिद भएको देखिन्छ । कार्यलयमा रहेका प्राविधिक कर्मचारीबाट सम्पन्न हुन सक्ने वा नसक्ने वारे पर्याप्त छलफल, विश्लेषण समेत गरेको देखिएन । डि.पि आर पछि सो योजना कार्यान्वियन गर्ने कूल लागतको आधारमा बार्षिक बजेट समेत विनियोजन गर्नुपर्नेमा सो गरेको विवरण प्राप्त भएको छैन । यसरी परामर्श सेवा वापत वाहिरी परामर्शदाताबाट कार्य गराउँदा तत्कालको लागि सहज भएता पनि प्राविधिक कर्मचारीको ज्ञान, सीप र दक्षता कार्यालयले उपयोग गर्न नसक्ने हने भएकाले पालिकाले कार्यालयका कर्मचारीलाई क्षमतावान बनाई डी. पी आर तयार गर्नपर्दछ ।

| भौचर नं | डी पि आरको विवरण | परामर्शदाताको नाम | भुक्तानी भएको रकम |
|---|---|---|---|
| ६३९।२०८१।३।२४ | निर्माण | फोर जी इन्जिनियरिङ्ग सोलुसन | ६९४९५० |

७६ **सामाजिक सुरक्षा भत्ता :**

सामाजिक रुपमा पछाडि परेका वर्ग,क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणाली रहेको छ । यो कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु.२८,८८,१४,५७७ खर्च गरेको छ । यस कार्यक्रमबाट लक्षित वर्गका रुपमा रहेका जेष्ठ नागरिक,एकल महिला,विधुवा,बालबालिका र अशक्तहरु समेत ७४२१ जना लाभान्वित भएको देखिन्छ । नेपाल सरकारले बजेटमा व्यवस्था गरी जेष्ठ नागरिक,विधुवा,अशक्त तथा दलित वर्गला ाइ सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ। आ.व.२०८०।०८१ मा पालिकाको केन्द्रिय हिसाबबाट १३ वटै वडाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रथम त्रैमासिकमा रु.७,११,३३,९१६।- दोश्रो त्रैमासिकमा रु.७,१८,४९,४३३।- तेश्रो त्रैमासिकमा रु.७,२५,३३,८३१।- र अन्तिम त्रैमासिकमा रु.७,३२,९७,३९७ गरी जम्मा रु.२८,८८,१४,५७७ निकासा तथा खर्च लेखाङ्कन गरेको छ ।

**सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका अन्य व्यहोराहरुः**

• स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका पालिकाका अतिरिक्त सम्बन्धित वडा पालिकामा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने गरी कार्यविधिले व्यवस्था गरेको छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तहको पालिकामा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाईं नगरी लाभग्राही सूची अनुसार भत्ता वितरण गरेको छ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २७ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरण व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन ।

७७ **अनुगमन भत्ता :**

अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका २०७७ को दफा ७.१.५ मा सार्वजनिक निकायले कार्यक्रमको अनुगमनको लागि अनुगमन टोलि खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनुपर्ने व्यवस्था रहेको छ साथै यसरी कार्यालयबाट गरिने अनुगमनमा कर्मचारी खटाउदा बढीमा ३ जनाको टोलि बनाई खटाउनुपर्ने व्यवस्था समेत उक्त दफामा रहेको छ । पालिकाले संघिय सशर्तबाट हस्तान्तरिण विभिन्न स्वास्थ्य, मेडपा तथा शिक्षा शाखाबाट संचालित कार्यको अनुगमन गर्दा कार्यविधिमा उल्लेखित व्यक्ति र तोकिएको सङ्ख्या भन्दा बढी कर्मचारीलाई अनुगमन वापत भता भुक्तानि गरेको नियमसंगत देखिदैन । पालिकाले सार्वजनिक खर्चमा मितव्ययिता कायम हुने तथा सम्बन्धित व्यक्तिबाट कार्यक्रमको अनुगमन गराई अनुगमन कार्यलाई प्रभावकारि बनाउनुपर्दछ । केहि उदाहरण

| **गो भौ नं** | **कार्यक्रमको नाम** | **अनुगमन भत्ता रकम** |
|---|---|---|
| ८६।०८०।०९।१९ | मेडपा कार्यक्रमको अनुगमन | १३००० |
| ८७ र११२,२६६,२५३।०८०।०९।१९, ।०८०।११।०३ | मातृ तथा नवशिशु कार्यक्रमको अनुगमन | २३२३९४ |
| ११३।०८०।११।१० | सुरक्षित वैदेशिक कार्यक्रको अनुगमन | २४००० |
| १७९।०८१।०२।३० | खोप कार्यक्रमको अनुगमन | ५१७५० |
| १९०।०८१।०३।१० | विद्यालय अनुगमन | ५८८०० |

७८ **विद्यालयमा शैक्षिक गुणस्तर एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान :**

विद्यालयमा शैक्षिक गुणस्तर एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत पालिकाले गो भौ नं १६९।०८१।०२।१६ मा पढाइ क्षेत्रको लागि पुस्तक छपाई वापत १७५ सेट पुस्तक प्रति दर रु २६५६.९मा छपाई गरि पोखरा अफसेट प्रेसलाई रु ४६४९६९ भुक्तानी गरेकोमा २५ सेट पुस्तक वितरण नभई पालिकाको भण्डारमा रहेको देखिन्छ । यसरी पालिकाले खरिद कार्य गर्दा खरिद कार्यमा मितव्ययिता कायम गरि विद्यार्थी सङ्ख्याको आधारमा खरिद आवश्वयकताको एकिन नगरि खरिद गर्दा पालिकालाई थप व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | ६६,४२४ |

७९ **दिवा खाजा :**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरवाट तयार भएको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था गरेको छ । यस वर्ष पालिकाले विद्यालयलाई दिवा खाजा वापत विद्यालयले उपलब्ध गराएको तथ्यांकको आधारमा संघिय शर्शतबाट रु ६७५२३२५ उपलब्ध गराएको छ । विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

८० **लघु उद्यम विकास कार्यक्रम**

गरिवी निवारणको लागि लद्यु उद्यम कार्यक्रम मेडमा को दफा ४० मा प्रविधि हस्तान्तरण गर्दा सहजकर्ताको सिफारिसमा उद्यमको प्रकृति हेरी व्यवसायिक योजना अनुसार लक्षित वर्गलाई मध्यनजर गरी शाखाले लद्यु उद्यमीलाई प्रविधि हस्तान्तरण गर्न व्यवस्था गरेको छ आर्थिक वर्ष २०८०८१ मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा नयाँ लघु उद्यमी सृजना गर्ने लक्ष्य सहित रु ११६०००० बजेट विनियोजन मध्ये रु ११३२००० खर्च गरेको पाइयो पालिकाले लद्यु उद्यम कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण गर्दा विगतमा सीप विकास तालिम प्राप्त गरेको लद्यु उद्यम संचालन गरिरहेको जस्ता पक्षलाई विचार गरी प्रोफाइल तयार गरी लघु उद्यम सहजकर्ताको सिफारिसको आधारमा लक्षित वर्गलाई प्रविधि हस्तान्तरण गर्नुपर्नेमा पालिकाले सो गरेको पाइएन कार्यविधिको व्यवस्था पालना गर्न तर्फ ध्यान दिनुपर्दछ ।

८१ **सामुदायिक सिकाइ केन्द्र संचालन अनुदान :**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८० ।८१ को क्रियाकलाप नं २.७.१३.११ मा स्थानीय तहले नियमित संचालनमा रहेका तथा निश्चित मापदण्ड पुगेका सामुदायिक सिकाई केन्द्रको संचालनको लागि वार्षिक एकमुष्ठ २ लाख रुपैया सम्म अनुदान दिन सक्ने व्यवस्था रहेको छ उक्त अनुदान रकमबाट सामुदायिक सिकाई केन्द्रका परिचालिकाको प्रमाणित हाजिरीको आधारमा मासिक ८००० को दरले १२ महिनाको रकम पारिश्रमिकमा खर्च गर्न सकिने तथा बाँकी अनुदानबाट सिकाई केन्द्रले बार्षिक कार्यक्रम तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गर्नुपर्ने र कार्यक्रमको प्रस्तावनाको आधारमा स्थानीले तहले थप बजेटको व्यवस्था गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ १६६। ०८१।०२।१५ मा विभिन्न ६ सिकाई केन्द्रलाई स्वीकृत कार्यक्रमको प्रस्तावनाको आधारमा रु ६९६००० भुक्तानी भएकोले प्रस्तावना बमोजिम कार्य भए नभएको ,कार्यक्रमको उपलब्धि तथा सो बाट प्राप्त प्रतिफलको सन्दर्भमा पालिकाबाट अनुगमन गर्नुपर्ने देखिन्छ ।

८२ **ईन्टरनेट जडान अनुदान:**

कोभिड १९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजीकरणका लागी शैक्षिक कार्यक्रम अर्न्तगत विद्यालयमा ईन्टरनेट सेवा विस्तारका लागि स्थानिय तह अन्तरर्गत सञ्चालित आधारभुत तहका सामुदायिक विद्यालयको लागि प्रति विद्यालय रु १२ हजार उपलब्ध गराउने र उक्त रकम ईन्टरनेट जडान गर्ने जडित ईन्टरनेट शुल्क भुक्तानी गर्ने खर्च गर्ने उल्लेख छ । पालिकाले गो भौ नं १४७ । ०८१ । ०१ । १४ बाट पालिकाको देहाएको विभिन्न विद्यालयमा इन्टरनेट जडान वापतको रकम भुक्तानी गरेकोमा जडान भएको प्रमाण पेश नभएकोले ईन्टरनेट जडान भए नभएको एकिन गर्न नसकिएको हुँदा सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा इन्टरनेट जडान नभएको विद्यालयमा निकासा भएको रकम सम्वन्धित विद्यालयवाट असूल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु

| विद्यालयको नाम | रकम |
|---|---|
| श्री अरनिको मा.वि भानु १३ ठुलोढुङ्गा | १२००० |
| श्री आदर्श सरस्वती मा.वि भानु ६ नाबरुङ्ग | १२००० |
| श्री चन्द्रावती मा.वि भानु ७ बसन्तपुर | १२००० |
| श्री चोक मा.वि भानु १० रामपुरटार | १२००० |
| श्री जनसहयोगी मा.वि भानु १३ सम्जुर | १२००० |
| श्री जनजागृति मा.वि भानु ३ तुरतुरे | १२००० |
| श्री प्रभात मा.वि भानु ६ सिम्पानी | १२००० |
| श्री भानु संस्कृत मा.वि भानु ४ चुँदी | १२००० |
| श्री मनोहर मा.वि. भानु ८ महन्तेहटीया | १२००० |
